म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१६ बुधबार १२ असार २०८१ ने. सं. ११४४ तछलागा 26 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कपडा बनाउने ग्यासिका टेक्सटाइल पुन: सुचारु

हेटौंडा, ११ असार/निजीस्तरबाट सञ्चालित हेटौंडाको कपडा उद्योग पुन: पूर्णक्षमतामा सुचारु भएको छ । हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेको ग्यासिका टेक्सटाइल प्रालिले पूर्णक्षमतामा पुन:उत्पादन सुरु गरेको हो । कोभिडकालदेखि आंशिकरुपमा सञ्चालन हुन बाध्य भएको उद्योगले आफ्नो स्थितिमा सुधार गर्दै सुचारु गराएको हो । विस २०५६ सालमा विधिवत दर्ता भई २०५७ सालबाट उत्पादन सुरु गरेको उद्योगले २०६० देखि पूर्णक्षमतामा उत्पादन प्रारम्भ गरेको थियो । सुवर्ण कलेक्शन ब्राण्डसहित उत्पादन प्रारम्भ गरी अनेकन आरोह अवरोह उद्योगको जीवनमा पनि आएको सञ्चालक बासु कार्कीले बताए । उनले उद्योगले सर्टिङ, सुटिङका कपडाहरु, तयारी पोशाक (गार्मेन्ट) तथा थानका कपडा उत्पादन गर्दै आएको बताए । हेटौंडाको सरकारी कपडा उद्योग पूर्णरुपमा बन्द रहेपनि आफूले भने प्रतिकूल परिस्थितिमा पनि संघर्ष गर्दै टिकाइरहेको सञ्चालक कार्कीले बताए ।

# मकवानपुरमा जंगली च्याउ खाँदा सातामै ३ को मृत्यु

भानुभक्त आचार्य

हेटौंडा, ११ असार/ विषालु जंगली च्याउ खाँदा मकवानपुरमा एक हप्तामा ३ जनाको ज्यान गएको छ । विषालु जंगली च्याउलाई तरकारी बनाएर खाँदा ३ असार यता मकवानपुरको राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको १९ जना बिरामी परेका छन् ।

बिरामी भएका १९ मध्य ३ जनाको ज्यान गएको हो । एक बालकसहित तीन जनाको ज्यान गएपनि स्थानीय सरकारले यस विषयमा खासै चासो देखाउन सकेका छैनन् । बिशेषगरी असार लागेपछि परेको पानीका कारण जंगलमा च्याउ उम्रन सुरु गर्छ । विषालु च्याउ खाएर बिरामी पर्ने पनि असारमै बढी हुने गरेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल बताउँछन् । गाउँपालिकामा जनप्रतिनिधि असारमा बजेट ल्याउने कार्यमा बढी ब्यस्त हुने भएकोले यो समयमा गाउँघरमा विषालु खाएर बिरामी पर्ने समस्या रहेको अध्यक्ष मल्ल बताउँछन् ।

ग्रामीण क्षेत्रमा जंगली च्याउ पहिचानको पनि समस्या रहेको छ । पाका पुस्ताले राम्रोसँग चिन्ने गरेका थिए तर, त्यो सीप नयाँ पुस्तामा हस्तान्तरण हुन नसकेको मल्ल बताउँछन् । विषालु च्याउको बारेमा राक्सिराङ गाउँपालिकामा बिगतका दिनमा सचेतनामूलक कार्यक्रम गरिएको अध्यक्ष मल्लले साझाकुरालाई बताए । स्थानीय



जंगलमा पाइने विषालु च्याउनको फोटोसहितको फ्लेक्स तयार गरेर गाउँपालिकामा रहेका सबै विद्यालयका बालबालिकामार्फत सचेतनाको कार्यक्रम ल्याउने विषयमा छलफल भइरहेको मल्ले बताए ।

एक सातामा विषालु च्याउ खाएर बिरामी परेकामध्य तीन जनाको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । ३ असारमा कैलाश गाउँपालिका-९ नामटारका बिनोद लामालगायत परिवारका सदस्यले जंगली च्याउ खाँदा बिरामी परेका उनको छोरा ४ वर्षीय दीपेश लामाको मृत्यु भएको हो । हेटौंडा अस्पतालबाट उपचारका लागि चितवन लगिएका लामालाई परिवारले आफूखुशी घर लगेकोमा ८ असार साँझ बाटोमै मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

कैलाश-९ नामटारकी २५ वर्षीया नीरुमाया रुम्बाको पनि मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ । निरुमायालाई उपचारका लागि ३ असारमा चितवन मेडिकल कलेज लगेकोमा ९ असारमा उपचार गराउन नसक्ने भन्दै पुन: हेटौंडा अस्पतालमै ल्याएको र १० असार राति १० बजे उपचारको क्रममा मृत्यु भएको प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनको शव हेटौंडा अस्पतालमा रहेको छ ।

कैलाश गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लका अनुसार ग्रामीण क्षेत्रमा ब्याप्त गरिबीका कारण जंगली च्याउ खोजेर तरकारी खाने प्रचलन छ । कैलाश गाउँपालिकाले पनि जंगली च्याउ विषालु हुनेकुराको बारेमा स्थानीयलाई सचेतना दिने खासै कार्यक्रम संचालन गरेको छैन । जंगली च्याउमध्य थोरै प्रजातिका मात्र विषालु हुन्छन् । त्यही विषालु च्याउ नखानका लागि गाउँपालिकाले जनचेतना जगाउने कार्यक्रम ल्याउने विषयमा बहस भइरहेको उपाध्यक्ष मल्लले साझाकुरालाई बताए ।

राक्सिराङ गाउँपालिका-७ दुगुवाङ बस्ने ५५ वर्षीय बलबहादुर प्रजाको ९ असारमा मृत्यु भएको प्रहरीले जनाएको छ । उनको चितवनस्थित भरतपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो । मृतक प्रजाको परिवारका अन्य चार जनाको अस्पतालमा उपचार जारी छ । उनको श्रीमती ४५ वर्षीय जालिमाया प्रजा, छोरी १५ वर्षीया रेञ्जु प्रजा , अर्की छोरी ८ वर्षीया सविना प्रजा र छोरा १० वर्षीय सुशील प्रजाको स्वास्थ्य अवस्था सुधार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

१० असारमा राक्सिराङ गाउँपालिका-८ लाचेका ४ जना जंगली च्याउ खाँदा बिरामी परेको मकवानपुर प्रहरीले जनाएको छ । उनीहरुको भरतपुर अस्पतालमा उपचार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको डिएसपी भण्डारीले बताए । ७ असारमा जंगली च्याउ खाँदा मकवानपुरगढी गाउँपालिका-६ सानुसल्ले र ५ नम्बर वडाको कालिवन बस्ने ८ जना बिरामी भएका थिए । उनीहरु हेटौंडा अस्पतालमा उपचार पश्चात् घर फर्किसकेका छन् ।

जंगलमा पाइने विषालु च्याउका बारेमा गाउँपालिकाले विद्यालय, स्वास्थ्यचौकी, टोलविकास संस्था, सामुदायिक वन समूह, स्थानीय सहकारीमापर्फत् जनचेतना जागृत गराउने कार्यक्रम संचालन गर्न आवश्यक रहेको बिज्ञहरु बताउँछन् । पाका पुस्ताले जंगलमा पाइने च्याउमध्ये कुनकुन विषालु हुन्छ ? भन्ने विषयमा राम्रो ज्ञान थियो तर, त्यो ज्ञान, सीप नयाँ पुस्तामा हस्तान्तरण हुन नसकेका कारण अहिले समस्या आएको हो । वनसँग सम्बद्ध बिज्ञ कर्मचारीको समन्वयमा स्थानीय सरकारले ग्रामीण क्षेत्रका बासिन्दालाई सचेत गराउनु जरुरी औंल्याइएको छ ।


# बागमतीका ७ स्थानीय तहले समयमै ल्याउन सकेनन् बजेट

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ देशभरि ७ सय ५३ स्थानीय तह छन् । जसमध्ये ५० पालिकाले निर्धारित समय अर्थात १० असार भित्र आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट ल्याउन असफल भए ।

देशभरका ५० स्थानीय तहमा बागमती प्रदेशका ७ स्थानीय तह रहेका छन् । जसमध्ये दुई नगरपालिका र ५ गाउँपालिकाले बजेट नल्याएका हुन् । मकवानपुरको बागमती गाउँपालिकाले पनि १० असारमा बजेट ल्याउन सकेन । बागमती गाउँपालिकाको उपाध्यक्ष फणिन्द्र तिमल्सिनासहित ४ जना वडाअध्यक्ष र कार्यपालिका सदस्यले बहिष्कार गरेपछि बजेट नल्याई नीति तथा कार्यक्रम मात्रै प्रस्तुत भएको हो । बागमती गाउँपालिकामा हरेक वर्ष बजेट ल्याउँदा जनप्रतिनिधिबीच बिवाद हुने गरेको छ ।

२ सय ९३ नगरमध्ये जनकपुर र धरान उपमहानगर पालिका सहित १९ नगरपालिकाले बजेट नल्याएको नेपाल नगरपालिका संघले जनाएको छ । २ सय ७५ नगरले १० असारमै बजेट ल्याएका हुन् । बागमती प्रदेशका ४५ नगर पालिकामध्ये ४३ ले बजेट समयमै ल्याएका छन् । कोशी प्रदेशका ४८ नगरपालिकामध्ये ४६ नगरले बजेट ल्याएका छन् । यस्तै मधेश प्रदेशका



७६ नगरपालिकामध्ये ६५ ले बजेट प्रस्तुत गरेका छन् । गण्डकीका सबै २७ नगर, लुम्बनीको सबै ३६ नगर, कर्णालीका २५ नगरमध्ये २४ र सुदूरपश्चिमका सबै ३४ नगरपालिकाले समयमै बजेट ल्याएका छन् ।

गाउँपालिका राष्ट्रिय महासंघका अनुसार ९३ प्रतिशत गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेका छन् । महासंघका अनुसार १० असारमा ४ सय ६० गाउँपालिकामध्ये ४ सय २९ ले बजेट प्रस्तुत गरेका हुन् । बाँकी ३० गाउँपालिकामा गाउँसभा अधिवेशन सुरु हुन नसकेको र एउटा गाउँपालिकासँग सम्पर्क हुन नसकेको महासंघले जनाएको छ । कोशी प्रदेशमा रहेका ८८ गाउँपालिकामध्ये तीन वटाले बजेट पेस नगरेको महासंघले जनाएको छ । यस्तै मधेशका ५९ गाउँपालिकामध्ये १०, बागमतीका ७४ गाउँपालिकामध्ये पाँचले १० असारमै बजेट पेस नगरेका हुन् । गण्डकीका ५८ गाउँपालिका सबैले पेस गरेका छन् । यस्तै लुम्बिनीका ७३ गाउँपालिका मध्ये ८ ले बजेट नल्याएका हुन् । कर्णालीका ५४ मध्ये ४ ले बजेट ल्याएनन् भने सुदूरपश्चिमका सबै ५४ गाउँपालिकाले बजेट ल्याएका छन् ।

नेपाल नगरपालिका संघ कार्यकारी निर्देशक कलानिधि देवकोटा र गाउँपालिका राष्ट्रिय महासंघ कार्यकारी अधिकृत राजेन्द्र प्याकुरेलका अनुसार समयमै बजेट ल्याउन नसक्नुमा स्थानीय तहका प्रमुख अल्पमतमा पर्नु, प्रमुख प्रशासकीय अधिकृत नहुनु, मेयर, उपमेयरको द्वन्द्व र केही स्थानीय तहका प्रमुख घाइते र बिरामीका कारण पनि १० असारमै बजेट नआएका हो ।

## गाँजासहित पक्राउ परेका ६ जनालाई थुनामा पठाउने आदेश

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ जिल्ला अदालत मकवानपुरले लागूऔषध गाँजासहित पक्राउ परेका ६ जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको छ ।

अदालतले एक जनालाई भने २० हजार धरौटी लिई तारेखमा छाड्न आदेश दिएको छ । मंगलबार जिल्ला न्यायधीश पूर्णिमा कोइरालाको इजलासले गाँजासहित पक्राउ परेका राक्सिराङ-७ का १९ वर्षीय टीकाराम चेपाङ, कैलाश गाउँपालिका-४ का २८ वर्षीय वमवहादुर चेपाङ, २७ वर्षीय हरि कुमार चेपाङ, २७ वर्षीय वीरमान चेपाङ, मनहरी गाउँपालिका-४ का ४४ वर्षीय रामहरि लुइँटेल र मनहरी गाउँपालिका-५ का ३६ वर्षीय दीपक थापामगरलाई थुनामा राख्ने आदेश दिएको हो ।

राक्सिराङ गाउँपालिका–३ का सुरेश भन्ने मंगलसिंह चेपाङलाई २० हजार धरौटी लिई तारेखमा छाड्न अदालतले आदेश गरेको हो ।

गत वैशाख ४ गते राति गाँजा बोकेर भारततर्फ लगिरहेको अवस्थामा पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारी र निकुञ्जमा खटिएका नेपाली सेनाले १३० केजी गाँजासहित ७ जनालाई पक्राउ गरेको थियो । मंगलसिंहको साथबाट प्रहरीले खानेकुरा र पानी मात्र बरामद गरेको थियो ।

# मनोरञ्जन कर तिर्न बागमती सरकारको आह्वान




साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेश सरकारले स्थानीय तहलाई व्यवसायको प्रकृतिअनुसार मनोरञ्जन कर लिन आग्रह गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता लक्ष्मीकुमार रिमालले व्यवसायीले टिकट वा अन्य माध्यमबाट आम्दानी गरेको भए त्यसको आधारमा मनोरञ्जन कर तिर्नुपर्ने औंल्याएका हुन् ।

गत जेठमा रात्रिकालीन व्यवसायीले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई पाँच प्रतिशत मनोरञ्जन कर तिर्दा व्यवसायीलाई भार पर्ने भन्दै ज्ञापनपत्र बुझाएका थिए । रात्रिकालीन व्यवसायीले पाँच प्रतिशत मनोरञ्जन कर तिर्दा सम्पूर्ण व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउने भन्दै करको भारी नबोकाउन अनुरोध गरेका थिए ।

'व्यवसायीले आफ्ना ग्राहकलाई टिकटको माध्यमबाट मनोरञ्जन प्रदान गरिरहेकाले सोही मूल्यको केही प्रतिशत प्रदेश सरकारलाई मनोरञ्जन कर बुझाउनु पर्छ', प्रवक्ता रिमालले भने, 'स्थानीय तहले पुरानो आर्थिक नियमावलीको आधारमा उठाएकाले सोहीअनुसार लिएको हुनसक्छ । आगामी वर्षदेखि नयाँ दरमा मनोरञ्जन कर तिर्नुपर्छ । करको दर परिमार्जन गरिएको छ,' ।

व्यवसायीले स्वेच्छाले तोकेको टिकट मूल्यअनुसार त्यसको पाँच प्रतिशत मनोरञ्जन कर तिर्नुपर्ने रिमालले उल्लेख गरे । प्रदेश सरकारले व्यवसायीलाई टिकटको मूल्य यति हुने भनेर बाध्यकारी नीति लागू नगरिएको उनको भनाइ छ । बिलमा तोकेको मूल्य भएमा सोहीअनुसार मनोरञ्जन कर दाखिला गर्नुपर्ने रिमालको भनाइ छ ।

व्यवसायीलाई मनोरञ्जन करमा ५ प्रतिशतले मर्का परेकाले निश्चित मूल्यसहितको दरभाउ तोकिएको उनले बताए । वर्षभरि कारोबार गरेको आधारमा कर तिर्ने वा टिकटको मूल्यको आधारमा कर तिर्ने भन्नेमा व्यवसायीमा अन्योल भएकाले यस वर्षदेखि परिमार्जन गरेको उनले बताए ।

# उद्यमशीलता तथा सीप विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ हेटौंडा उपमहानगरपालिका-५ मा सञ्चालित उद्यमशीलता तथा सीप विकास तालिम सोमबार समापन भएको छ ।

प्रदेश युवा परिषद् बागमतीको आर्थिक सहयोग र सामुदायिक विकास तथा सचेतना नेपालको आयोजनामा सञ्चालित थोरै लगानीमा गर्न सकिने साना व्यवसाय प्रवर्द्धनका तालिम गरिएको हो ।

सात दिनसम्म सञ्चालन गरिएको तालिममा प्रशिक्षकले व्यवसायको स्व-विश्लेषण/मूल्यांकन र पृष्ठपोषणको आवश्यकता र महत्व, सफल उद्यमीका विशेषता, व्यावसायिक योजना, आवश्यकता र महत्व, उत्पादन योजना, स्व-रोजगार, व्यवसायमा जोखिम तथा जोखिम व्यवस्थापन, व्यवसाय दर्ता प्रक्रिया तथा सरकारी नीतिनियमका विषयमा सहजिकरण गरिएको सामुदायिक विकास तथा सचेतना नेपालका अनन्त बानियाँले बताए ।

चटपटे, पानीपुरी, मम, चाउमिनलागायत निर्माण तालिम तथा अभ्यासात्मक क्रियाकलाप समेत गरिएको तालिममा हेटौंडा वडा नम्वर २, ३, ४, ५ , ६, ७, ८, १५, १७ र मकवानपुरगढी गाँउपालिकाका २० जना प्रशिक्षार्थीको सहभागिता रहेको उनले जानकारी दिए ।

सामुदायिक विकास तथा सचेतना नेपालका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका-५ नम्बर वडाअध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यतामा तालिम समापन गरिएको हो । कार्यक्रम हेटौंडा-५ का वडासदस्यहरु ज्ञानबहादुर थापा, रामबहादुर राई, पिप्ले पोखरा सामुदायिक वन उपभोक्ता समितिका सचिव शारदाकुमारी सुवेदीलगायतको उपस्थिति थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# विषालु च्याउको समस्या

विषालु च्याउ खाएर मकवानपुरका दुई पालिकामा एक साताभित्र ३ जनाले ज्यान गुमाएका छन् । १६ जना बिरामी परेकामध्ये ८ जना उपचारपछि घर फर्केका छन् भने ८ जनाको उपचार जारी छ । वर्षायाम सुरु भएसँगै गाउँघरमा जंगलबाट च्याउ खोजेर ल्याउने र तरकारी पकाएर खाने चलन छ । जंगलमा त्यस्ता थुप्रै प्रजातिका खानयोग्य र स्वादिलो च्याउ पाइन्छ । पुरानो रुखको ठुटो, पत्कर वा खुलाचौरमा च्याउ उम्रन्छ । धेरैजसो त बाबुबाजेका पालादेखि पहिचान भएको र खाँदै आएका जंगली च्याउ खाने गरिन्छ । तर, पछिल्लो पुस्ताले भने खान योग्य च्याउ पहिचान गर्न सक्दैनन् । पछिल्लो पुस्ताले जथाभावी च्याउ खाँदा ज्यान जोखिममा परिरहेको छ । कुन च्याउ खाने र कुन खान नहुने ? भनेर छुट्याउन सक्ने सामान्य ज्ञान भएको अवस्थामा विषालु च्याउबाट बचिन्छ ।

यद्यपि असावधानीवश विषाक्त च्याउ खानेको संख्या बढ्दो छ । जंगलमा पाइनेमध्ये कुन च्याउ खान हुने र कुन नहुने ? यसमा खासै द्धिविधा छैन । सामान्य हिसाबले पनि खान हुने र नहुने च्याउ पहिचान गर्न सकिन्छ । पाका पुस्तामा यो खासै ठूलो समस्या थिएन । तर, नयाँ पुस्ताले त्यो ज्ञान लिन चाहेन वा लिन सकेन । जंगली च्याउ अनेक प्रजातिका हुन्छन् । यसमध्येबाट पनि च्याउको प्रकृति, रंग, स्वाद र गुण हेरेर विभाजन गरिएको हुन्छ । हेर्दा आकर्षक लाग्ने, रंगीन च्याउ विषालु हुन्छ । हलक्क र रहर लाग्दो देखिन्छ । खान नहुने च्याउ पहिचान गर्ने सामान्य विधि भनेको यी च्याउमा हत्तपत्त किरा लाग्दैन । निचोर्दा सेतो दूध निस्कन्छ । यस्ताखालका च्याउ खानु हुँदैन । गाउँघरतिर वर्षेनी जंगली च्याउ खाने गरिन्छ । आफूले विगतदेखि नै खाइरहेको च्याउ पहिचान गरेर खानु उपयुक्त हुन्छ । नचिनेको वा त्यसअघि नखाइएको च्याउ खानु हुँदैन । बुढापाकालाई त जंगली च्याउबारे धेरै ज्ञान थियो । उनीहरुले पहिचान गरेको र खाँदै आएको च्याउ अहिले पनि खान सकिन्छ । यद्यपि यस किसिमको च्याउ पनि कुनैबेला विषालु बन्न सक्छ । च्याउ खानै नहुने कुरा चाहिँ होइन । यो स्वादिलो र पोषकतत्वले भरिपूर्ण हुन्छ । च्याउमा प्रोटिन, भिटामिन, मिनरल्स, क्याल्सियम आदि तत्व पाइन्छ । च्याउमा बोसो नगन्य मात्रामा पाइन्छ, यसमा स्टार्च हुँदैन । त्यसैले यो खानयोग्य उत्पादनभित्रै पर्छ । यो एक प्रकारको वनस्पति हो ।

फूल नफूल्ने प्रजातिको फन्जाइ वर्गमा पर्ने च्याउ एक प्रकारको पौष्टिक तत्व भएको वनश्पति हो । संसारमा तीन हजार ८ सय बढी प्रजातिको च्याउ पत्ता लागेका छन् । त्यसमध्ये एक हजार विषालु र दुई हजार खानयोग्य मानिन्छ । जबकि २ सय प्रजातिको च्याउ औषधीय गुणले भरिपूर्ण मानिन्छ । विषालु च्याउ उपयोगसम्बन्धी घटना तराइमधेशको तुलनामा पहाडी क्षेत्रमा प्रशस्त मात्रामा पाइन्छ । मधेशमा कम मात्रामा च्याउको विविधता पाइन्छ । तराइमधेशमा जंगली च्याउ संकलन गरेर खाने बानी त्यति धेरै छैन । मधेशमा सबैभन्दा बढी गोब्रे च्याउ पाइन्छ । मधेश र पहाडमा देखिने च्याउमा भिन्नता हुन्छ । कुन जंगली च्याउ खान हुने हो ? कुन विषालु हो ? भन्ने फरक छुट्टयाउने पर्याप्त आधार भने छैन । यसैले यदि चिनिदैन भने जंगली च्याउ नखानु नै राम्रो मानिन्छ । गाउँघरमा खानयोग्य च्याउ छुट्टयाउन सक्ने व्यक्तिले कुनै वैज्ञानिक आधार बाट नभई लामो समयको अनुभवको आधारमा यो क्षमता हासिल गरेका हुन्छन् । च्याउ विशेषज्ञका अनुसार कुनै पनि जंगली च्याउलाई शंकाको घेरामा राख्न सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १३ गते बिहीबार २७ जुन २०२४ । षष्ठी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# सतीलाई दोष, सत्ताको मोज



डा. अतीन्द्र दाहाल

अर्थशास्त्रको पछिल्लो एक सिद्धान्तले भन्छ 'देशहरूलाई विकसित र अविकसित भनेर गरिने वर्गीकरण अब प्राचीन भइसक्यो । व्यवस्था आफैंमा खराब वा सही हुँदैन, व्यवस्थापनचाहिं मुख्य विषय हो । सही वा गलत व्यवस्थापनले गर्दा देशहरूको विकासको उचाइ अनि रफ्तार फरक हुनसक्छ । त्यसैले, उनीहरूको वर्गीकरणमा विकसित र अविकसितको सट्टा व्यवस्थित र अव्यवस्थित भन्ने आधारचाहिं मुख्य हुनुपर्छ । देशहरू क्षेत्रफल र जनसंख्यामा सानो/ठूलो पनि हुनसक्छन् । ती स्वाभाविक भिन्नता र विविधता बाहेक सबैको सार्वभौमसत्ता र स्वाभिमानचाहिं समान हुन्छ ।'

तर नाम चलेका विश्लेषकहरू अहिले हाम्रो देश इतिहासकै सबैभन्दा गम्भीर संकटबाट गुज्रिरहेको भाष्य बनाइरहेका छन् । स्वाभिमानको खरिद/बिक्री अनि स्वतन्त्र तथा सार्वभौम राष्ट्रको हैसियतमा अधिक आँच आउन सक्ने विभिन्न सौदावाजी गरिएको भन्दै चिन्ता गर्छन् । आवरणमा राम्रै देखिने विदेशी सहायताका स्वदेशी संशयहरूले आत्मसम्मानको प्राणपखेरु लिन खोज्दैछन् । सुनको थाल बोकेर सुकाको भिख माग्ने अपमानपूर्ण आत्मरतिमा नेतृत्वजगत निरन्तर हौसिएको छ ।

सबल र सम्मानित प्रजातन्त्रका तीनवटै (राजनीतिक, आर्थिक, सामाजिक/मनोवैज्ञानिक) आयामहरूमाथि ऋणात्मक सूचकाङ्कहरूको दबदबा छ । राज्यका तीनै अंगहरू लथालिंग र गहिरो दलदलमा छन् । कार्यपालिका त प्रधान सरोकार र दरकारमा गम्भीर बेवास्ता गरिरहेको छ । प्रदेश तथा संघ दुवै तहमा सरकार असाध्यै कमजोर धरातलमा अडिएका छन् । सरकारका सबै प्रयास र पूर्ण काम भनेकै केवल सरकार टिकाउन र विभिन्न गठबन्धन जोगाउनका लागि खर्च भइरहेका छन् ।

व्यवस्थापिका दलीय अतिरञ्जनाको बन्दी छ, सरकार पाल्ने र फाल्ने कारखाना बन्दैछ । गुणस्तरीय कानुनहरू निर्माण, भएका कानुनको वस्तुगत मूल्यांकन र आवश्यक परिमार्जन सांसदको प्राथमिक र प्रधान दायित्व हो । यद्यपि थुप्रै सांसदलाई सांसद हुनु भनेको सरकारलाई विश्वासको मत दिने वा नदिने भनेर भोट हाल्ने मात्र रहेछ भन्ने लाग्न थालेको हुनसक्छ ।

नागरिकले आफ्ना जनप्रतिनिधि केवल सरकार अदल-बदलका लागि भोट हाल्नका लागि मात्र रहेछन् भन्ने सोच्दा हुन् । न्यायालय विचरा आफैंमा न्यायको लागि विभिन्न पटक गुहार-गुहार भनिरहेको हुन्छ । स्वतन्त्र र निर्णायक न्यायपालिकाका प्रमुखहरू पटक/पटक परिणाम नदिने र नटुंगिने महाअभियोगका शिकार बनेका छन् । आर्थिक रूपमा पछिल्लो ३० वर्ष हाम्रो अवस्था अधिकांश सूचकमा आयतनका हिसाबले अजंग वृद्धि भयो होला, तर ती सबै ऋणमा छन् ।

नागरिकमा सामाजिक कर्तव्य निर्वाह एवं सकारात्मक मनोविज्ञान प्रवर्धनको सहयोग अभिरुचिविहीन विषय बन्दैछ । नयाँ नेपालको भव्य विज्ञापनमा पुरानै पनि हराउने शंका गहिरिँदैछ । नागरिक विदेशिने लर्कोले देश रित्तिँदैछ, वैदेशिक हस्तक्षेपले थप रूपमा देश नै परदेश पनि बन्न सक्छ । गरिब नेपाली नागरिक खोज्न अब कतार, दुबई, मलेशिया लगायत र धनी नागरिक खोज्न युरोप, अमेरिका, जापानतिर लाग्नुपर्ने दिन आउँदैछ ।

राणा शासकहरूले नै बनाएका दरबारमा मन्त्रालय राखेर नेताहरू राणाशासनलाई अन्धकारको युग भन्दै क्रोध देखाउँछन् । पञ्चायतको ३० वर्ष देश बर्बाद भएकाले बहुदल ल्याउनु परेको भन्दै गर्दा बहुदलले पनि ३४ वर्ष पूरा गरेको हेक्का राख्दैनन् । अघिल्लो ३० वर्ष भन्दा पछिल्लो ३४ वर्षमा देशको आत्मनिर्भरता र स्वाभिमान कति उँचोनीचो भयो भन्ने मनन् गरेको देखिँदैन । शाश्वत सत्यचाहिं यो हो कि देश बदलिएन, केवल बिथोलियो । अब त राष्ट्रकवि स्व. माधव घिमिरेको 'नेपाली हामी र हौंला कहाँ नेपालै नरहे' मनन् गर्नुपर्ने बेला आउँदैछ ।

नेतृत्वले राम्रो काम गर्न नचाहेको वा चाहेर पनि नसकेको हुनसक्छ । दलहरूमा अकर्मन्यता अनि ढिलासुस्ती त देखिएकै हो । आशातीत प्रगतिलाई अल्झाउन उनीहरूले भन्ने गरेका दृश्य/अदृश्य शक्ति तथा स्वार्थकेन्द्रहरूको केही चाहना अवश्य होला । तर सफल राष्ट्र निर्माणमाथि ग्रहण लाग्नुमा दुई मुख्य कारण छन् ।

पहिलो, सकारात्मक परिवर्तनलाई प्रभावकारी बनाउने राजनीतिक नेतृत्व निष्प्रभावी बन्दैछ । दोस्रो, निरन्तर खबरदारी गर्नुपर्ने नागरिकहरू रमिते बन्दैछौं । चुनावमा मताधिकारबाट नागरिकहरूले सफल, सबल र राम्रो देश निर्माणको औपचारिक अख्तियारी दलहरूलाई सुम्पियौं । उक्त सदाशयता अनि शुभेच्छासँगै राम्रा काम गर्न, गुमेको मान/प्रतिष्ठा अनि सकिएको साखलाई पुनर्जीवित गराउन दलहरूलाई मौका दियौं । तर दलहरू निर्णायक त्याग गर्नु सट्टा अनावश्यक बखेडावाजीमा अल्झिंदा शंका र त्रासका भावनाहरू सघन बन्दैछन् । पहिले पहिले सतीले सरापेको देश भनेर नागरिकले भ्रम पाले पनि यो सत्ताले सरापेको देश बन्दैछ ।

नेतृत्व खाली शक्तिको अभ्यास र सत्ताको प्राप्तिमा लिप्त छ । नागरिकका खास आशा र आवश्यकतामाथि ध्यान पुगेन । तत्काल महसुस गर्न चाहेका बेरोजगारी न्यूनीकरण, गरिबी न्यूनीकरण, महँगी नियन्त्रण, पूर्वाधारको तीव्र विकास, सुशासनको अभ्यास जस्ता पक्षहरूमा अपेक्षित सकारात्मक अभिवृद्धि देखिएन । राष्ट्रको ढिकुटीमाथि अवैधानिक दोहन रोकिएन । अन्त्यहीन र निर्णयविहीन छलफलमा रमाउने लत बस्यो, देशचाहिं असफलताको भुमरीमा फस्यो ।

कतिपय पछिल्ला प्रयासहरूले त देशले अब स्थायी विकासभन्दा संस्थागत विनाशको यात्रा गर्ने देखिन्छ । टिकाउ होइन, बिकाउ देशको निर्माणमा नेतृत्व रुमल्लिंदैछ । नेताहरू निरन्तर छलफल त गर्छन् तर फल आफूले मात्र लिन्छन् अनि देश तथा नागरिलाई सदैव छल गर्छन् । तर नेतृत्वलाई निरन्तर यो छुट दिएको पनि नागरिक नि:सन्देहताले नै हो ।

अधिकांश परिवर्तन र उपलब्धिहरूको पछाडि नागरिक दबाब अन्योन्याश्रित हुन्छन् । नागरिकले नेतृत्वलाई सही सबक सिकाउँदै अपेक्षा अनुसार काम गर्न बाध्य बनाउन निरन्तर सभ्य र भव्य सामयिक दबाब दिनुपर्छ । तर हामी दलहरूमाथि कटाक्ष गर्छौं, यद्यपि बाध्य पार्दै दबाबसहित विकल्प दिन सकिरहेका छैनौं, विस्थापन गर्ने अठोट देखाइरहेका छैनौं । राम्रा गफमा रमाउँदै आफूलाई विश्लेषक बताउन चाहने थुप्रै जनहरूलाई यो संक्रमण मलिलो भूमि बन्दैछ ।

बेल्जियममा सन् २०११ को याँन हड्ताल, सन् २०१२ मा इन्डोनेसिया र २०१३ मा अर्जेन्टिनामा प्रयोग भएको कर हड्ताल, सन् १९९० मा नेदरल्याण्डमा भएको भिजिल नामक आन्दोलन लगायत डा. गेने सपले १९७३ मा लेखेको 'द पोलिटिक्स अफ नन भाइलेन्स' पुस्तकमा व्याख्या गरिएका १९८ अहिंसात्मक उपायहरू जस्ता आन्दोलनले अनियन्त्रित नेतृत्वलाई लगाम लगाउन सकिन्छ ।

केही सय वर्ष पहिले तत्कालीन चरम अस्थिरताका बावजुद जंगबहादुरले देशलाई एउटा निकास दिएका थिए । उनको तरिका गलत थियो, मानिसको कत्लेआम कुनै पनि हिसाबले स्वीकार्य हुँदैन । यद्यपि शक्तिको हस्तान्तरण मात्र होइन, स्थानान्तरणले त्यसबेला देशलाई एउटा दुर्घटनाबाट भने बचाएकै हो । अहिले पनि देशमा भएका सबै पात्र एक पटक होइन पटक-पटक असफल र अक्षम भएका कारण अधिकांश नेतृत्वलाई गलहत्याउने लगायतका कठोर सजाय भने हुनैपर्छ । उनीहरूको बेइमानीका कारण भएको नोक्सानीको क्षतिपूर्ति उनीहरूबाटै गराउनुपर्छ ।

अहिलेकै पद्धति र पात्रबीच हुने शक्ति हस्तान्तरण वा वितरणका विकल्पले कुनै नयाँ नतिजा निकाल्दैन, शान्तिपूर्वक उनीहरूको समूल विस्थापन हुनुपर्छ । भित्री मनमा यही दबाब निर्माणको अभिलाषा राखेर विभिन्न निर्वाचन मार्फत नागरिक विद्रोहको विगुल बज्दैछ । निराशाको उचाइ यतिमाथि पुगिसक्यो कि २४० वर्षको राजतन्त्रलाई २० दिनमा उन्मूलन गर्ने नागरिकलाई पछिल्ला ३० वर्षका नेता फाल्न कति नै समय लाग्ला र ?

यद्यपि नागरिकले अपमानजनक विस्थापन गर्नुअघि नै सम्मानजनक बहिर्गमनको बाटो पहिल्याउनु चाहिं बुद्धिमानी हुन्छ । अति त अहिलेसम्म नै भइसकेको छ, अब खराब खति हुनुअघि नै दलहरूले विचार गर्नुपर्छ । अहिलेसम्म देश नबनेको सतीले सरापेर हैन, सत्ता र यसका सारथिहरूले सरापेरचाहिं अवश्य हो ।

*(साभार: अनलाइनखबर)*

# आर्थिक विकासमा वैदेशिक लगानीको आवश्यकता

गम्भीरबहादुर हाडा

वैदेशिक लगानी नेपालजस्तो विकासोन्मुख देशको लागि अति आवश्यक छ । वैदेशिक लगानीको लागि पूँजी मात्र उपलब्ध नभई व्यवस्थापकीय क्षमता, प्राविधिक जनशक्ति, प्राविधिक ज्ञान, प्रशासनिक दक्षता, नयाँ उत्पादन विधि, व्यावसायिक संस्कार आदि पनि देशमा भित्रिन्छ । वैदेशिक लगानीबाट घरेलु लगानीसमेत प्रोत्साहित भई सस्तो मूल्यमा गुणस्तरयुक्त वस्तुहरू उपभोग गर्न उपभोक्ताहरू सफल हुन्छन् । वैदेशिक लगानी प्रचूर मात्रामा देशमा भित्रिएमा करको माध्यमबाट सरकारले राजस्व पनि बढाउन सक्छ ।

नेपालमा वैदेशिक लगानीको महत्व तथा आवश्यकतालाई उल्लेख गर्दा यसले प्रविधियुक्त व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न, आर्थिक स्रोत उपलब्ध गराउन, नयाँ प्रविधिमा आधारित दक्ष मानव संशाधन प्राप्ति गर्न, स्थानीय उत्पादनमा हुने विदेशी दबाबलाई हटाउन, व्यापारिक प्रतिबन्धहरुलाई हटाउन, स्थानीय स्तरका उत्पादनलाई राष्ट्रिय स्तरका बजारसम्म पुऱ्याउन, संयुक्त लगानी तथा स्थानीय स्तरका लगानीकर्ताबीच सहकार्य, संयुक्त बजार प्रबन्ध एवं इजाजत प्रक्रियालाई अवसर प्रदान गर्न मद्दत गर्दछ । साथै नयाँ बजार तथा बजार सम्बद्ध सञ्जालको विस्तार, सस्तो उत्पादकीय सुविधामार्फत उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माणमा स्रोत परिचालन, रोजगारीको अवसरमा फैलावट आदि हुन्छ । नयाँ प्रविधिमा पहुँच पुऱ्याउन तथा प्रतिस्पर्धी बजार निर्माण गर्न, देशमा आधुनिक प्रविधिको उपलब्धता, स्वदेशी उद्योग, कलकारखानाको क्षमता विकास गर्न, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउनसमेत सहयोग मिल्छ । आर्थिक वृद्धिको दृष्टिकोणले वैदेशिक लगानीको महत्व उच्च छ । आर्थिक वृद्धिदरको बढोत्तरीसँगै सामाजिक, आर्थिकलगायत सबै क्षेत्रमा सकारात्मक प्रभाव पर्ने हुन्छ । चीन र भारतको उच्च आर्थिक वृद्धिदर हुनुमा वैदेशिक लगानीको अहं भूमिका छ ।

वैदेशिक लगानीसम्बन्धी कानुनी व्यवस्थाअन्तर्गत विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा यस ऐनअनुसार वैदेशिक लगानी भन्नाले शेयरमा गरेको लगानी, शेयरमा गरेको लगानीबाट प्राप्त भएको लगानी, ऋण वा ऋण सुविधाको रुपमा गरेको लगानीलाई बुझाउँछ । त्यस्तै प्रविधि हस्तान्तरण भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीचको देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने हस्तान्तरण सम्झनुपर्दछ । १. विदेशी उत्पत्तिको कुनै प्रविधिसम्बन्धी अधिकार, विशिष्टता, फरमुला, प्रक्रिया, पेटेन्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने । २. विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने । ३. वैदेशिक प्राविधिक, सल्लाहकार, व्यवस्थापन एवं बजार सेवा उपलब्ध गर्ने आदि ।

वैदेशिक लगानीसम्बन्धी अन्य कानुनहरुअन्तर्गत श्रम ऐन २०४८, लेखापरीक्षण ऐन २०४८, औद्योगिक व्यवसाय ऐन २०४९, जलस्रोत ऐन २०४९, निजीकरण ऐन २०५०, मूल्य अभिवृद्धि कर ऐन २०५३, मध्यस्थता ऐन २०५५, करार ऐन २०५६, आयकर ऐन २०५८, प्रतिलिपि अधिकार ऐन २०५९, सार्वजनिक खरिद ऐन २०६३, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३, दामासाहीसम्बन्धी ऐन २०६३, भन्सार ऐन २०६४, गैरआवासीय नेपालीसम्बन्धी ऐन २०६४ समेत वैदेशिक लगानीलाई आकर्षित गर्ने र सोको प्रभावकारी परिचालनसँग सम्बन्धित रहेको देखिन्छ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ मा मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोतसाधनको आधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारोन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास तथा वस्तु वा सेवाको उत्पादनका क्षेत्रमा विदेशी पूँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानी मैत्री वातावरण सिर्जना गर्दै औद्योगिकीकरणमार्फत दिगो आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य रहेको छ । यसका अतिरिक्त निम्न ऐनहरुले विदेशी लगानीलाई सहजीकरण गरिरहेका छन् । औद्योगिक व्यवसाय ऐन २०७६ र नियमावली, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ र नियमावली, गैरआवासीय नेपालीसम्बन्धी ऐन २०६४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली २०७७, अन्य क्षेत्रगत ऐनहरु तर्जुमा तथा कार्यान्वयन गरेको देखिन आउँछ ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९/८० मा उल्लेख गरिएअनुसार २०७९ फागुनसम्म स्वीकृत वैदेशिक लगानीमध्ये सेवा क्षेत्रमा २३.३ प्रतिशत, पर्यटन क्षेत्रमा २२.२ प्रतिशत र उत्पादनमूलक क्षेत्रमा १७.२ प्रतिशत लगानी रहेको छ । पूर्वाधार क्षेत्रका उद्योगमा सबैभन्दा कम वैदेशिक लगानी स्वीकृत भएको छ । २०७९ फागुनसम्म विदेशी लगानीको स्वीकृति पाएका उद्योगमध्ये कुल लगानीको आधारमा सबैभन्दा बढी चीनको ४४.७ प्रतिशत र भारतको २३.५ प्रतिशत रहेको छ । लगानी स्वीकृति संख्याको आधारमा समेत सबैभन्दा बढी चीनको ३७.४ प्रतिशत र भारतको १४.४ प्रतिशत रहेको छ ।

देशमा शुरुदेखि हालसम्म उद्योग विभागमार्फत ४ खर्ब ७८ अर्ब ८३ करोड वैदेशकि लगानी प्रतिबद्धता आएको छ । प्रतिबद्धता धेरै आए पनि लगानी भने ३० देखि ३५ प्रतिशतसम्म मात्र भित्रिने गरेको छ । ६ अर्बसम्मका परियोजना उद्योग विभागबाट स्वीकृत हुन्छ । अरु ठूला आयोजना भने लगानी बोर्डबाट स्वीकृत हुने गर्छन् । नेपालको लागि अन्तर्राष्ट्रिय लगानी सम्मेलन नौलो विषय होइन । किनभने यसअघि दुईपटक लगानी सम्मेलन भइसकेको छ । गत वैशाख १६ र १७ गते नेपालले तेस्रोपटक अन्तर्राष्ट्रिय सम्मेलन गऱ्यो । यसको पूर्वतयारीको रूपमा केही काम पनि भए ।

प्रथमत: लगानीकर्तालाई आश्वस्त बनाउन सार्वभौम साख मूल्यांकन आवश्यक पर्छ । मूल्यांकनको काम बेलायतको फरेन कमनवेल्थ एन्ड डेभलपमेन्ट कार्यालयले गर्ने कुरा तय भइसकेको छ भने यसमा लाग्ने सेवा शुल्कलाई भुक्तानी गर्ने प्रतिबद्धता एफसीडीओले जनाएको छ । कन्ट्री रेटिङ गर्ने कुरा आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा परे पनि त्यो कार्यका लागि लाग्ने खर्चसमेत अरुले नै व्यहोरि दिने भएको छ ।

लगानीलाई नीतिगत सुधारले ठूलो भूमिका राखेको हुन्छ । अहिले एकातिर आवश्यक नीतिगत सुधारको अभाव देखिन्छ भने अर्कोतिर भएका नीतिहरु सरकारको कमजोरीको कारणले गर्दा कार्यान्वयनमा आउन सकिरहेका छैनन् । वैदेशिक लगानी भित्रिनका लागि राजनीतिक र आर्थिक वातावरण अनुकूल हुनुपर्छ । अहिले राजनीतिक वातावरण स्थिर देखिँदैन भने देशको अर्थतन्त्र पनि शिथिल अवस्थामा रहेको छ । अर्थतन्त्रका अधिकांश सूचकहरु नकारात्मक भएको अवस्थामा लगानीकर्ताहरुलाई विश्वास दिलाउन कठिन हुन्छ नै । त्यसकारण जोखिम हटाउने सन्दर्भमा भएका प्रयास र भविष्यमा चालिने कदमबारे लगानीकर्तालाई जानकारी गराउनुपर्छ ।

यद्यपि, लगानी सम्मेलनका क्रममा उद्योग विभागमार्फत मात्रै चार परियोजनाका लागि ९ अर्ब १३ करोडको लगानी स्वीकृत गरिएको छ । लगानी सम्मेलनमा विभिन्न ५५ मुलुकका लगानीकर्ता सहभागी भएका थिए । सम्मेलनमा चीनका २ सय ६५, भारतका १ सय ४३, संयुक्त राज्य अमेरिकाका ३३, जापानका २८, संयुक्त अधिराज्यका १४, बंगलादेशका १३, संयुक्त अरब इमिरेट्स (युएई) का १३ र जर्मनीका १० जना सहभागी भएका थिए । यसै गरी दक्षिण कोरिया, अस्ट्रेलिया र मलेसियाका नौ-नौ जना सम्मेलनमा सहभागी भएका थिए । चालू आवको बजेटमार्फत साना उद्योग दर्तामा सरकारले विभिन्न सुविधा व्यवस्था गरेकाले पनि साना उद्योग सञ्चालनका लागि लगानी गर्न लगानीकर्ता आकर्षित भएका हुन् ।

वर्तमान पन्ध्रौं योजना २०७६-२०८१ मा वैदेशिक लगानी कार्यक्रमअन्तर्गत वैदेशिक लगानी परिचालनमार्फत प्रतिस्पर्धी एवं गतिशील राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने सोच राखिएको छ । त्यस्तै वैदेशिक लगानीको आकर्षण र अभिवृद्धि गरी उत्पादन, उत्पादकत्व, प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने लक्ष्य राखिएको छ । यसको साथसाथै नेपाल भित्रने प्रत्यक्ष वैदेशिक लगानीलाई उच्च र दिगो विकास गर्नु, वैदेशिक लगानीको माध्यमबाट पुँजी, प्रविधि, प्राविधिक सीप तथा व्यवस्थापकीय कौशल भित्र्याउनु, उपभोक्ता नआएमा प्राकृतिक स्रोतको उपयोग र पूर्वाधार विकास गर्नुजस्ता उद्देश्यहरु पनि राखिएको पाइन्छ । प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न आवश्यक कानुनी संरचनागत, प्रक्रियागत सुधार र सरलीकरण गरी लगानीमैत्री वातावरण सिर्जना गर्ने, तुलनात्मक लाभ, उत्पादनमूलक तथा रोजगारमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने, स्थानीय स्रोत-साधन र सीपको उपयोग तथा प्रादेशिक सन्तुलन कायम हुने गरी प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानी परिचालन गर्ने रणनीतिहरु पनि राखिएको पाइन्छ ।

**तेस्रो लगानी सम्मेलन :**

गत वैशाखमा दुईदिने 'इमर्जिङ नेपाल लगानी सम्मेलन २०२४' सम्पन्न भएको छ । काठमाडौंमा शुरु भएको तेस्रो लगानी सम्मेलनमा सरकारले १५० वटा परियोजना 'सोकेस'मा राखेको थियो । ५० भन्दा बढी देशका झन्डै २ हजार प्रतिनिधिसामु सरकार, विपक्षी दल र निजी लगानीकर्ताहरूले नेपालमा लगानीको वातावरण बनेको, लगानीको लागि नीतिगत सुधार गरेको भन्दै विदेशी लगानीकर्ताहरूलाई एक स्वरमा लगानीको आह्वान गरेका छन् । विदेशी लगानी भित्र्याउन सरकारले लगानी सम्मेलन गरेको हो । यसअघिका दुईवटा सम्मेलनको निरन्तरताकै रूपमा सरकारले लगानी सम्मेलन आयोजना गरेको हो । मुलुकमा साढे ६ अर्ब स्वदेशी तथा विदेशी लगानी भित्र्याउने सम्झौतासहित तेस्रो लगानी सम्मेलन सकिएको छ । सम्मेलनमा तीन परियोजनामा लगानी र सातवटा विविध सहकार्यसम्बन्धी सम्झौता भएको लगानी बोर्डले जनाएको छ ।

सम्मेलनमा विभिन्न क्षेत्रमा सहकार्य सम्बन्धी सम्झौता पनि भएका छन् । रेमिट हाइड्रोको अवधारणाअनुरूप हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी र गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्हरू बीच सम्झौता भएको छ । रेमिट्यान्सको रकम जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जाको विकासमा उपयोग गर्ने गरी सम्झौता भएको हो । नेपालमा सार्वजनिक-निजी साझेदारी प्रवर्द्धनका लागि वर्ल्ड एसोसिएसन अफ पीपीपी युनिट्स एन्ड प्रोफेसनल्स (वाप) र नेपाल एसोसिएसन अफ पीपीपी प्रोफेसनल्स अफ प्राक्टिसनर्स (नाप) बीच महत्वपूर्ण सम्झौता भएको छ ।

वापका तर्फबाट अध्यक्ष जियाद-अलेक्स्यान्डर हायक र नापका तर्फबाट अध्यक्ष अनुपकुमार उपाध्यायले यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरे । दुवै संस्थाले साझा चासोका विषयमा सहकार्य गर्ने, सार्वजनिक-निजी साझेदारी (पीपीपी) सम्बन्धी ज्ञान तथा अनुभव आदानप्रदान गर्ने सम्झौतामा उल्लेख छ ।

'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट-२०२४' नाम दिइएको यो सम्मेलन कति सफल, कति असफल भन्ने विषय सम्मेलनमा आएका प्रतिबद्धता कार्यान्वयन भएपछि मात्रै थाहा हुन्छ । पहिलो लगानी सम्मेलनमा १४ खर्ब र दोस्रोमा करिब १८ खर्ब रुपियाँको प्रतिबद्धता आए पनि त्यस अनुरुपको लगानी भित्रिन सकेको थिएन । यसपटकको लगानी सम्मेलनमा प्रतिबद्धता रकमको आकार पनि उस्तै देखिएको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

संघीयतामा अन्तरतह द्वन्द्व :

# काठमाडौंका सडकमा संघ सरकारले छुट्यायो किल्ला

काठमाडौं/काठमाडौंको मूल शहरी सडक छेउका पोलहरुमा सेतो रंग पोतेर 'स. वि.' लेखेको देख्नुभएको छ ? धेरैलाई यो किन लेखिएको हो र कसले लेखिरहेको छ भन्ने जिज्ञासा छ । पोलमा 'स. वि.' लेख्ने काम अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले गरिरहेको हो । सडक डिभिजन कार्यालय काठमाडौंले आफ्नो क्षेत्राधिकारभित्रका सडक छेउका पोलमा 'सडक विभाग' को संक्षिप्त रुप 'स. वि.' लेखिरहेको छ । डिभिजन प्रमुख नारायणदत्त भण्डारी जनतालाई सडक विभाग मातहतका सडकहरु कुन-कुन हुन् भन्ने थाहा दिन पोलमा 'स. वि.' लेखिएको बताउँछन् ।




'यो लेखेपछि सडक कसको क्षेत्राधिकारभित्र पर्ने रहेछ भन्ने जनतालाई छुट्याउन सहज हुन्छ', उनले भने, 'सडक बिग्रेको र बनेको जस अपसज सडक विभागले नै पाउँछ ।' काठमाडौं महानगरपालिकाले सडक विभाग अन्तर्गतको सडक बिग्रँदा र समयमै मर्मत नहुँदा आफूमाथि अपजस आएको दाबी गर्दै आएको छ । सडक विभाग माहतहतका कतिपय सडकहरु चुस्त राखेको जस भने काठमाडौं महानगरपालिका र मेयर बालेनले पाउने गरेको डिभिजन सडक कार्यालयको बुझाइ छ ।

डिभिजन प्रमुख भण्डारी भन्छन्, 'हामीसँग त कुन-कुन सडक सडक विभाग अन्तरगतको भन्ने विवरण छन्, जनतालाई पनि थाहा होस् भनेर पनि 'स. वि.' लेखिर हेका छौं ।'

### सडक हस्तान्तरण नगरी प्रतिष्ठाको लडाइँ

नेपाल संविधान २०७२ ले स्थानीय क्षेत्रको सडकमाथि यस्तो केन्द्रीयता परिकल्पना समेत गरेको छैन । संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको कार्यसूची छ । जसमा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक स्थानीयको अधिकार क्षेत्रमा पर्ने स्पष्ट व्यवस्था गरिएको छ । अनसूची-६ मा रहेको प्रदेशको एकल अधिकार सूचीमा 'प्रदेश लोकमार्ग' उल्लेख छ । संविधानको अनुसूची-५ मा संविधानमा राष्ट्रिय यातायात नीति सहित रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन संघीय सरकारको कार्यक्षेत्रभित्र पर्ने व्यवस्था छ ।

यसरी संघीय सरकारले राष्ट्रिय लोकमार्ग (राजमार्ग)को व्यवस्थापन बाहेक सबै सडक स्थानीय तहलाई छाड्नुपर्ने हो । संविधानले कसले कुन खालका सडक हेर्ने भनेर स्पष्ट रूपमै छुट्याएको छ र साझा अधिकारको सूचीमा सडकमार्गबारे कुनै पनि विषय उल्लेख छैन ।

संघीय सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने सडक पनि आफैंसँग राख्दा शहरी सडकमा पटक-पटक विभिन्न विवाद सिर्जना भइरहेका छन् । देशका अधिकांश ठूला शहरमा वर्तमान संघीय सरकार हिजोकै राजा र पञ्चालयतकालीन शैलीमा ८ मिटरभन्दा फराकिला अधिकांश सडकको जिम्मा आफैंले लिएर बसेको छ । आफूले विगतदेखि काम गरिररहेको अधिकांश सडकमा सडक विभागको शासन कायम छ । संघीय सरकार ५ मिटरसम्म फराकिला शहरी सडकलाई पनि 'राजमार्ग' घोषणा गरेर आफूअनुकूल काम गरिरहेको छ ।

सडक विभागले आफ्नो कार्यक्षेत्रभित्र तोकिएका सडकहरू आफूहरुको सहमति विना उपयोग गर्न नपाइने बताउने गरेको छ । अन्य निकायले विकासकै कामका लागि सडकहरू भत्काउँदा पनि अनुमति चाहिने अवस्था छ । सडक हस्तान्तरण गर्न छाडेर सडक विभाग संघीयता कार्यान्वयन हुनुभन्दा अघि तोकिएको विधि र मापदण्ड प्रयोग गर्नुपर्ने रटानमा सडक विभाग छ ।

सडक विभागका पूर्व महानिर्देशक तथा पूर्वसचिव अर्जुनजंग थापाका अनुसार बेलाबखत विदेशी सरकार एवं राष्ट्रप्रमुख तथा विशिष्ट पाहुनाहरूको आगमन हुँदा सडकमार्ग चुस्तदुरुस्त राख्न दबाब पर्छ । काठमाडौंभित्रका भीभीआईपी सवार हुने विभिन्न सडकखण्डहरू स्थानीय तह र प्रदेशलाई दिंदा अत्यावश्यक बेलामा काम नहुने डरका कारण हस्तान्तरण नभएको उनको भनाइ छ ।

'देशमा अन्तर्राष्ट्रिय महत्वका सभा-सम्मेलन र विशिष्ट विदेशी पाहुनाको आगमनका समयमा भन्नेबित्तिकै सडक मर्मत नहुने र नियतवश पनि काम नहुने जोखिम हुन्छ' उनले भने, 'अन्तरसरकारी तहमा विश्वासको वातावरण बन्न नसकेका कारण समेत स्थानीय सडकहरू हस्तान्तरण नभएको हो ।' उनले राजधानीमै सडक विभागको काम (ड्युटी) धेरै राख्दा कर्मचारीहरू काठमाडौंका कार्यालयहरूमै रहिरहन पाउने भएकाले पनि यस्तो भएको खुलाए ।

विभागका पूर्वमहानिर्देशक शिवहरि सापकोटा विगतमा हस्तान्तरण गर्न खोज्दा पनि महानगरपालिकाहरु ग्रहण गर्न तयार नभएको दाबी गर्छन् । 'अहिले प्रदेश र स्थानीय तह लिन तयार छन् भने संविधान बमोजिम सडकहरु तलै दिनुपर्छ, नीति र मापदण्ड बनाएर हस्तान्तरण हुनुपर्ने सबै दिनुपर्छ, उनी भन्छन्,'सडक विभागले राष्ट्रिय राजमार्ग मात्रै हेर्ने वातावरण बनाउँदा राम्रो हुन्छ ।'

तर, सडक विभाग हस्तान्तरण गर्नुपर्ने स्थानीय शहरी सडकहरुमा समेत आफ्नो नाम लेखेर किल्ला छुट्याइरहेको छ । अन्तरद्वन्द्व घटाउन जिम्मेवार बन्नुपर्ने संघीय निकाय सडक विभाग काठमाडौं महानगरसँग 'जुँगाको लडाइँ' लडिरहेको छ । सडकमा नाम लेखेर भइरहेको प्रतिष्ठाको लडाइँले जनताले तिरेको कर अनावश्यक काममा खर्च हुन पुगेको छ ।

### चक्रपथ र न्यूरोड विवादको "परकम्प"

सडक विभाग यस्तो गर्नुको कारण हो चक्रपथ र न्युरोड विवाद । २०८० फागुनमा काठमाडौं महानगरपालिकाले चक्रपथको कलंकी-महाराजगञ्ज खण्ड आफूले नभई सडक विभागले हेर्ने थाहा दिने गरी केही बोर्डहरु सडकमा राखेको थियो । आयोजना १८ डिसेम्बर २०१२ मा सुरु भएको र २०१५ अप्रिलमा सक्नुपर्ने उल्लेख गरिएको सो बोर्डमा लेखिएको थियो, 'यो (आयोजना) काठमाडौं महानगर पालिका मातहत पर्दैन ।'

उक्त बोर्डमा लेखिएको आयोजनाको निर्माण सुरु भएको मिति र सक्नुपर्ने मिति सही थिएन । अझ सो सडक महानगरपालिका मातहत नपर्ने भनेर सडक विभागलाई सडकको दुरावास्थाप्रति व्यंग्य गरेको ठानेपछि विभागका अधिकारीहरु महानगरसँग रुष्ट थिए ।

२ चैतमा सडक विभागले एक सूचना जारी गर्दै सो परियोजना निर्माणका लागि १७ जनवरी २०१८ मा सझमदारी भएर डिटेल इन्जिनियरिङको काम भइरहेको जानकारी दिएको थियो । विभागले सो सूचनामा सडक विभागसँग अनुमति नलिई गलत सूचना राखेर गाडिएको होडिङ बोर्ड भेटिएको भन्दै ३ दिनभित्र हटाउन भनेको थियो । नभए कारवाही गर्ने चेतावनी पनि दिएको थियो ।

३ दिनपछि सडक विभागले सो बोर्ड हटाइदिएपछि मेयर बालेन शाहले 'बोर्ड हराएको सूचना' भन्दै रिंगरोड ९ वर्षसम्म अलपत्र छाडेको आरोप लगाएका थिए । १३ चैतमा महानगरको नगर प्रहरी बलले जिल्ला प्रहरी परिसर काठमाडौंमा पत्र लेखेर बोर्ड चोरिएको दाबी सहित अनुसन्धान गरेर कारवाही गर्न उजुरी दर्ता गरेको थियो । सार्वजनिक सूचना जारी गरेर हटाइएको बोर्ड खोज्न भन्दै महानगरले प्रहरी नै गुहारेपछि सडक विभाग र महानगरपालिका बीच थप दूरी बढेको थियो ।

डिभिजन सडक कार्यालयका अनुसार काठमाडौं महानगरपालिका भित्र सडक विभाग मातहतमा १४८ किलोमिटर सडक पर्छ । विभागले मर्मतसम्भार गर्ने न्यूरोडको सडक क्षेत्रमा काठमाडौं महानगरपालिकाले अनुमति नलिई फूटपाथ विस्तार गर्न सुरु गरेपछि द्वन्द्व थप चर्किन पुगेको छ ।

न्यूरोड क्षेत्रमा हाल ११ मिटरको सडक छ भने दुवैतर्फ फुटपाथ छ । महानगरले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत सडकलाई ७ मिटर मा झारेर फुटपाथ ४ देखि साढे ४ मिटरसम्म फराकिलो बनाउने योजना अघि सारेको थियो । काम सुरु गर्न अनुमति माग गर्दै काठमाडौं महानगरपालिकाले ४ असोज २०८० मै सडक डिभिजन कार्यालय, काठमाडौंमा पत्र पठाएको थियो ।

तर पत्रको जवाफ नपर्खी महानगरपालिकाले यसको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) २०८० सालको असोज २१ गते स्वीकृत गऱ्यो र ८ मंसिर २०८० मा फुटपाथ विस्तारको काम गर्न बोलपत्र आह्वान गऱ्यो । २ करोड ५६ लाख रुपैयाँमा काम गर्न आरोग्य साइटेक जेभीलाई ६ वैशाख २०८१ मा ठेक्का दिइएको थियो ।

त्यतिबेलासम्म डिभिजन सडक कार्यालयले अनुमति नदिएपछि ११ जेठमा मेयर बालेन आफैं सडक डिभिजन कार्यालय, मीनभवन पुगेर कार्यालय प्रमुख सिनियर डिभिजन इन्जिनियर नारायणदत्त भण्डारीसँग छलफल गरेका थिए । तर सडक विभागले मन्त्रिपरिषदबाट निर्णय गर्नुपर्ने भन्दै तत्कालै अनुमति नदिन नसकिने जवाफ दिएको थियो ।

तर, १२ जेठमा काठमाडौं महानगरपालिकाले एकाएक फुटपाथ विस्तारका लागि न्युरोडको सडकको पिच भत्काएको थियो । स्थानीयले विरोध गरेपछि सडक डिभिजन कार्यालयको टोलीले काम रोकेको थियो ।

त्यसको जवाफमा महानगरले सोही दिन ट्रक सडक विभाग र डिभिजन कार्यालयको मूल गेट अगाडि फोहोर थुपारिदिएको थियो । मेयर बालेनले भौतिक पूर्वाधार मन्त्रालय र सडक विभागले रिंगरोड अलपत्र पारेको भन्दै दुवै कार्यालय अगाडि धुलो फालेको समाजिक सञ्जालमार्फत बताएका थिए । सडक डिभिजन कार्यालय काठमाडौंले २१ जेठमा टोली पठाएर महानगरले भत्काएको पिच टालेको थियो । विभागलाई रोक्न पुगेको महानगरपालिकाको नगर प्रहरीको टोली स्थानीयको प्रतिवादपछि फर्किनुपरेको थियो ।

यी घटनापछि सडक विभागले सडकहरुमा आफ्नो क्षेत्राधिकार स्पष्ट गर्नुपर्ने निष्कर्ष निकालेको छ । त्यसैअनुसार अहिले काठमाडौंभित्रका सडकहरुमा 'स. वि.' लेख्ने काम भइरहेको छ ।

### जवाफ दिने तयारीमा महानगर

काठमाडौं महानगर पालिकाका एक अधिकारी भने महानगरभित्रको सार्वजनिक क्षेत्रमा यसरी अनुमति विना भित्ते लेखन गर्न नपाइने बताउँछन् ।

'सर्वोच्च अदालतले नै भित्ते लेखन गर्न नहुने भन्दै फैसला गरेको छ, सडक विभागले पोलमा लेखेर गरेको दृश्य प्रदुषण हो', उनले भने, 'यसबारे छलफल गरेर निर्णय हुन्छ ।' १६ भदौ ०७२ मा सर्वोच्चका तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश ओमप्रकाश मिश्रको संयुक्त इजलासले महानगर क्षेत्रमा रहेका व्यवसायिक होर्डिङ बोर्डहरु, भित्ते लेखन, पोष्टर, पम्पेटलगायतका सामग्री हटाउन आदेश दिएको थियो ।

उपत्यकामा जथाभावी विज्ञापन बोर्ड राख्दा दृश्य तथा वातावरणीय प्रदुषण भएकाले आम मानिसको स्वच्छ र स्वस्थ्य वातावरणमा हिँडडुल गर्ने अधिकार हनन भएको र सो कार्य गर्न वा नगराउन महानगरलाई सर्वोच्चले भनेको थियो ।

सर्वोच्चको आदेश विपरीत देखिएमा पोलमा लेखिएको अक्षरहरु मेटिने महानगरका ती अधिकारीले बताए । 'अहिले पनि हामी पोलमा पर्चा, पम्प्लेट पोस्टर टाँस्न दिइरहेका छैनौं, टाँसेको पनि निकाल्दैछौं', उनले भने, 'सडक विभागको भित्तेलेखन पनि वैध देखिंदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# जसितासँग स्वस्तिमा र साम्राज्ञीले मागे माफी, घटना के हो ?

काठमाडौं/नेपालका टेलिभिजन कार्यक्रमहरु अक्सर विवादित बन्ने गरेका छन् । कार्यक्रमलाई चर्चित बनाउने उद्देश्यले कलाकार हरुलाई अन्टसन्ट प्रश्न सोधिन्छ । र, कलाकारहरुले पनि सोचविचार नगरी अभिव्यक्ति दिंदा त्यसले ठूलो विवाद निम्त्याउने गरेको छ । यतिबेला 'इट्स माइ शो' नामक टेलिभिजन कार्यक्रममा अभिनेत्रीद्वय स्वस्तिमा खड्का र साम्राज्ञी राज्यलक्ष्मी शाहले दिएको अभिव्यक्ति पनि विवादित बनिरहेको छ ।



कार्यक्रमकी सञ्चालिका ओसिन सिटौलाले 'बजर राउन्ड'मा उनीहरुलाई सोधेकी थिइन्, 'धिरज मगरपछि अहिले अनमोल केसीसँग डेट गरिरहेकी अभिनेत्री को हुन् ?' यसको जवाफमा स्वस्तिमाले सबैभन्दा अगाडि 'बजर' दबाएर जसिता गुरुङको नाम लिइन् । साम्राज्ञीले भने उनको तीन नायकसँग प्रेम रहेको दाबी गर्दै भनिन्, 'प्रदीप खड्का, धीरज मगर र अनमोल केसी ।'

ओसिनले फेरि उनीहरुलाई सोधिन्, 'अनमोल केसीका कतिवटा गर्लफ्रेन्ड थिए र उनीहरुको नाम के हो ?' यसमा साम्राज्ञीले आफूलाई थाहा नभएको बताउँदा स्वस्तिमाले अभिनेत्री आना शर्मा र पूर्वमिस नेपाल अश्मी श्रेष्ठको नाम लिएकी थिइन् । यतिबेला यही विषयले स्वस्तिमा र साम्राज्ञी विवादको भुँमरीमा फसेका छन् । कसैको निजी जीवनको बारेमा यसरी सार्वजनिक कार्यक्रममा भन्नु गलत रहेको भन्दै उनीहरुको आलोचना भइरहेको छ । अनमोल र जसिताले पनि यसबारेमा आपत्ति जनाएका छन् ।

जसितमाले इन्स्टाग्राममा स्टाटस लेख्दै 'के एक महिला अर्को महिलालाई नीच देखाउने विरुद्धमा छौं ?' भनेर प्रश्न गरेकी छन् । उनले लेखेकी छन्, 'मैलै कहिल्यै पनि बुझ्न सकिनँ कि मानिसहरु राष्ट्रिय टेलिभिजनमा कसैको निजी जीवनको बारेमा किन कुरा गर्छन्, जबकि उसलाई व्यक्तिगत रुपमा राम्रोसँग नै चिनेको हुँदैन । यो अन्तर्वार्ता हेरेपछि मलाई यी व्यक्तिहरुप्रति धेरै दु:ख लागेको छ । के हामी साँच्चै एक महिला भएर अर्को महिलालाई नीच देखाउनेविरुद्धमा छौं ?'

उनले स्वस्तिमा र साम्राज्ञीलाई प्रश्न गर्दै अगाडि लेखेकी छन्, 'के तपाईंहरु यो बुझ्न हुन्छ कि तपाईंको कार्यले कतिको जीवन प्रभावित हुन्छ ? के तपाईंहरु म आफ्नो अतीतमा कुन अवस्थामा गुज्रिएको थिएँ भन्ने जान्नुहुन्छ ? के तपाईंहरुलाई लाग्दैन कि मेरो परिवारले यो हेरिरहेका छन् भन्ने ? एक महिलाको रुपमा तपाईंहरु समाजका लागि कुन तरिकाको उदाहरण स्थापित गर्दै हुनुहुन्छ ? कसैलाई सार्वजनिक रुपमा बदनाम गरेर र उसको निजी जिन्दगीमा चर्चा कमाउनुको कारण के हो ?'

जसिताको स्टाटसमा कलाकारदेखि उनका प्रशंसकसम्मले स्वस्तिमा र साम्राज्ञीको अभिव्यक्तिको आलोचना गरेका छन् । उनको स्टाटसमा अनमोलले समेत प्रतिक्रिया जनाउँदै पहिला वास्तविक चरित्रमा ध्यान दिएर त्यसपछि रिल चरित्रमा ध्यान दिन महिलाहरुलाई अनुरोध गरेका छन् । उनले इन्स्टाग्राम स्टोरीमा पनि लेखेका छन्, 'भावनात्मक बदमासी वा मानसिक बदमासी भनेको अर्को व्यक्तिलाई अलग गर्न, खिल्ली वा जिस्काउने शब्दहरुको प्रयोग हो । भावनात्मक बदमासीले व्यक्तिको भावना, आत्मविश्वास र आत्म-मूल्यलाई लक्षित गर्छ ।'

जसिताले स्टाटस नै लेखेर चित्त दुखाएपछि स्वस्तिमा र साम्राज्ञी दुवैले उनीसँग माफी मागेका छन् । उनको स्टाटसमा कमेन्ट गर्दै स्वस्तिमा लेख्छिन्, 'तिम्रो भावनामा चोट पुर्याएकोमा म साँच्चै माफी चाहन्छु । यो एक रमाइलो कार्यक्रम थियो र धेरै उत्साहजनक तरिकामा प्रकट भयो । तिमी सधैं मेरो लागि एक धेरै राम्रो साथी छौं र एकपटक फेरि म तिमीसँग माफी चाहन्छु ।'

त्यस्तै, साम्राज्ञीले आफूले कुनै महिलालाई मात्र नभइ कसैलाई पनि नीच देखाउने बारेमा नसोच्ने भन्दै स्पष्टीकरण दिएकी छन् । 'हामीलाई प्रश्नहरुको यो द्रुत राउन्डमा एक स्थितिमा राखिएको थियो र हामीले नतिजाको बारेमा सोचेका थिएनौं । तर, कुनै पनि तरिकाले तपाईंलाई धम्क्याउने प्रयास गरेका थिएनौं । तपाईंको भावनामा चोट पुऱ्याएकोमा माफी माग्न चाहन्छु,' उनले जसिताको स्टाटसमा कमेन्ट गर्दै लेखेकी छन् । तर, स्वस्तिमा र साम्राज्ञीको कमेन्टमा धेरैले उनीहरुलाई अश्लिल गालीगलौच गरेका छन् ।

# 'यो मन त मेरो नेपाली हो' प्याकअप, फिल्ममा नेपालीदेखि जर्मनीसम्मका कलाकार

काठमाडौं/विदेशी भूमिमा बस्ने नेपालीको मुद्दालाई उठाएर बनेको फिल्म 'यो मन त मेरो नेपाली हो'को छायांकन सकिएको छ । आइतबार र सोमबार भ्वाइस अफ नेपालको स्टुडियो तथा बालाजुस्थित एनएफडिसीमा 'आँखै रसिलो' बोलको गीत खिचिएसँगै फिल्मको सम्पूर्ण छायांकन सकिएको निर्देशक मित्र प्रधान (नर)ले जानकारी दिए । गत जेठमा भने फिल्मको छायांकन अमेरिकामा गरिएको थियो ।



दुई दिन लगाएर खिचिएको गीतमा दीपक शर्माको शब्द तथा संगीत छ भने अस्मिता अधिकारी र सविन सुवेदीको स्वर रहेको छ । कविराज गहतराजले कोरियोग्राफी गरेको गीतमा फिल्मका कलाकारहरु रोशन श्रेष्ठ र आयुषा समालसहित 'मेरो डान्स युनिभर्स'की विजेता खुसी कार्की (थाइल्यान्ड), नारायण प्रधान र चर्चित डान्सर नरेश वीर सिंहले नृत्य गरेका छन् । गीत 'डान्सिङ' शैलीको छ ।

फिल्ममा नेपालीसहित भारत, मलेसिया, पोल्यान्ड, बेल्जियम, ट्युनिसिया, अस्ट्रिया, जर्मनी लगायतका देशका कलाकारहरुको पनि अभिनय रहेको निर्देशक प्रधानले बताए । ज्ञान बहादुर प्रधान (रोशन)को निर्माण रहेको फिल्ममा रोशन र आयुषाका साथै विल्सन विक्रम राई, बुद्धि तामाङ, विजय बराल, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजिता बर्देवालगायतको अभिनय छ ।

अमेरिकासहित नेपालको झापा र इलाम तथा भारतको सिक्किम, दार्जिलिङ लगायतका ठाउँमा फिल्मको छायांकन गरिएको छ । निर्देशक प्रधान स्वयंको कथा तथा शिवम् अधिकारीको पटकथा तथा संवाद लेखन रहेको फिल्ममा दीपक शर्माको संगीत, सौरभ लामाको छायांकन तथा देव महर्जन द्वन्द्व निर्देशन रहेको छ । फिल्मलाई यसै वर्ष (२०८१) प्रदर्शन गर्ने योजनामा निर्माण टिम छ ।

# ६० वर्षको उमेरमा तेस्रो विवाह गर्दै हलिउड अभिनेता ब्राड पिट

काठमाडौं/हलिउड अभिनेता ब्राड पिटले पुन: विवाह गर्न सक्ने अमेरिकी संचारमाध्यमले जनाएका छन् । विवरणअनुसार, उनी प्रेमिका इनेस डे रामोनसँग धेरै खुसी छन् र उनैसँग विवाह गर्न उत्साहित छन् । उनीहरुले सँगै परिवार सुरु गर्ने कुराको चर्चा पनि छ । उनले विवाहको निर्णय यतिबेला लिन लागेका हुन् जतिबेला पूर्वपत्नी एन्जेलिना जोलीका सबै छोर ाछोरीले एक एक गरेर आफ्नो थर (पिट) छोड्न थाले ।

पिट र इनेस डे रेमन एक वर्षभन्दा बढी समयदेखि डेटिङ गरिरहेका छन् । उनीहरु लिभ-इन रिलेसनसिपमा पनि बस्न थालेको दाबी गरिएको छ । अहिले ६० वर्षीय हलिउड स्टारले तेस्रो विवाह गर्ने सोचमा रहेको दाबी गरेका छन् । त्यो पनि चाँडै । स्रोतले 'लाइफ एन्ड स्टाइल'लाई भन्यो, 'यहाँ यस्ता केही हल्ला चलिरहेका छन् कि ब्राड पिट यस गर्मी याममा प्रस्ताव गर्ने योजनामा छन् । यो कुनै पनि समय हुन सक्छ । वास्तवमा, ब्राड कुनै समय प्रस्ताव गर्न तयार छन् । उनी इनिससँग धेरै खुसी छन् ।'

ब्राड पिटले सन् २००० मा जेनिफर एनिस्टनसँग विवाह गर `, जसलाई तपाईंले सिरियल 'फ्रेन्ड्स'मा रेचेलको भूमिकामा देख्नुभएको थियो । सन् २००४ मा 'मिस्टर एन्ड मिसेस स्मिथ'को सुटिङका क्रममा ब्राड एन्जेलिना जोलीसँग प्रेममा परेका थिए । उनले सन् २००५ मा पहिलो पत्नीसँग सम्बन्ध विच्छेद गरेका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नेपाल-चीन परराष्ट्रमन्त्री स्तरीय संयुक्त आयोग बनाउने सहमति

काठमाडौं/नेपाल र चीनबीच भएको कूटनीतिक परामर्श संयन्त्रको बैठकमा दुवै पक्ष परराष्ट्रमन्त्री स्तरीय संयुक्त आयोग बनाउन सहमत देखिएका छन् । नेपाली पक्षबाट परराष्ट्र सचिव सेवा लम्साल र चिनियाँ पक्षबाट उपविदेश मन्त्री सुन वेइडोङ नेतृत्वको प्रतिनिधि मण्डलबीच मंगलबार भएको बैठकपछि परराष्ट्रमन्त्री स्तरीय आयोग बनाउने सहमति भएको हो ।



नेपाल र भारतबीच सन् १९४७ परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोग छ । तर, चीनसँग सचिव स्तरको संयन्त्र मात्र रहँदा कतिपय निर्णय कार्यान्वयनमा ढिलाइ भएको भन्दै मन्त्रीस्तरमै संयन्त्र बनाउनुपर्ने विषय पहिल्यैदेखि उठेको परराष्ट्र मन्त्रालयका अधिकारीहरु बताउँछन् ।


बैठकपछि परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा अहिले भएका दुईपक्षीय संयन्त्रलाई थप मजबुत बनाउँदै परराष्ट्रमन्त्री स्तरमा नयाँ संयन्त्र बनाउन दुवै पक्षले जोड दिएको उल्लेख गरिएको छ ।

बैठकमा नेपाल-चीन सम्बन्धबारे समीक्षा भएको भन्दै विगतमा भएका सहमति र समझदारीको कार्यान्वयनको अवस्थाबारे समेत समीक्षा भएको भनिएको छ । 'दुवै पक्षले एकआपसमा सहमति भएका क्षेत्रमा सहकार्य बढाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् भने पारस्परिक हितका लागि आर्थिक अवसरको क्षेत्रमा काम गर्ने प्रतिवद्धता पनि जनाएका छन्', विज्ञप्तिमा भनिएको छ ।

बैठकमा परराष्ट्र मन्त्रालयका उत्तरपूर्वी एसिया महाशाखा प्रमुख कृष्णप्रसाद ढकालसहित मन्त्रालयका अन्य उच्च अधिकारीहरु पनि सहभागी थिए । चिनियाँ पक्षबाट नेपालस्थित राजदूत छन् सङ सहितका अधिकारीहरु सहभागी थिए ।

चिनियाँ उपविदेशमन्त्रीले प्रधानमन्त्री प्रचण्डलाई सोमबार नै भेटिसकेका छन् भने बुधबार राष्ट्रपति रामचन्द्र पौडेल र परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग भेट गर्दैछन् ।

# अर्थमा सहसचिवहरूको जिम्मेवारी हेरफेर




काठमाडौं/अर्थ मन्त्रालयले सहसचिवहरूको जिम्मेवारी हेरफेर गरेको छ । बजेट तथा कार्यक्रम महाशाखा प्रमुख रहेका सहसचिव रितेशकुमार शाक्यविरुद्ध अन्त:शुल्क स्टिकर खरिद तथा छपाइ प्रकरणमा भ्रष्टाचारको मुद्दा चलेपछि अर्थमा सहसचिवहरूको सरूवा भएको हो । बजेट तथा कार्यक्रम महाशाखा प्रमुखमा नरेन्द्र राना तोकिएका छन् ।

मन्त्रालयले प्रशासन महाशाखा प्रमुखमा रामप्रसाद आचार्यलाई सरुवा गरेको छ । यसअघि प्रशासन प्रमुख रहेका नारायण सापकोटालाई महालेखा नियन्त्रकको कार्यालयमा सरुवा गरिएको छ । गत जेठ अन्तिम सातामा मात्रै प्रशासन महाशाखामा सापकोटालाई जिम्मेवारी दिइएको थियो । तर, दुई हप्ता नबित्दै उनको अन्यत्रै सरुवा भएको हो ।

सुशीला अर्याललाई समेत महालेखा नियन्त्रक कार्यालयमा सरुवा गरिएको छ । रामकुमार महतोलाई भन्सार विभागको उपमहानिर्देशकका रुपमा तोकिएको छ ।

# थाहानगरको अर्को पहिचान रमणीय पदमार्ग

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बेमौसमी तरकारीखेती र सुन्दर पर्यटकीय क्षेत्रको कारण छुट्टै परिचय बनाएको मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिका रमणीय, प्राकृतिक र सहासिक पदयात्रा गन्तब्यको रुपमा पनि परिचित हुन थालेको छ ।

संघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौंडाको समदुरीमा रहेको थाहानगरमा खुलेका विभिन्न पदमार्ग र ती पदमार्गमा अउने पर्यटकको संख्याले थाहानगरलाई पर्यटकीय पदमार्ग गन्तब्यको छुट्टै पहिचान दिन थालेको हो । नेपालको पहिलो राजमार्ग त्रिभुवन राजपथ (बाईरोड) सँग जोडिएको थाहानगरमा हालसम्म खुलेका ७ वटा पदमार्ग र त्यहाँ आउने पदयात्रीका कारण थाहानगर पर्यटकीय गन्तब्यको रुपमा विकसित हुँदैं गएको स्थानीय युवा कृषक निरोज प्रधानले बताए ।



थाहानगरको ७ वटै पर्यटकीय पदमार्गका परिकल्पना थाहानगरका युवा फोटोपत्रकार गणेश विष्टले गरेका हुन् । पर्यटकीय क्षेत्रमा घुम्न, बिभिन्न धार्मिक, सास्कृतिक, ऐतिहासिक, कृषि, रमणीय वातावरण र स्थानीय जीवनशैलीको फोटो खिचेर त्यसको प्रचारप्रसार गर्न सक्रिय बिष्ट फुर्सद हुनेबित्तिकै थाहानगरको बिभिन्न स्थानको अध्ययन, अवलोकन र प्रवर्द्धनमा पुगिहाल्छन् ।

बिष्टलाई स्थानीय युवाकृषक प्रधान, युवा ब्यवसायी श्रीराम कार्की, युवाउद्यमी माधव कार्की, अनिता विष्ट, नरहरि पौडेलले भरपुर साथ दिएका छन् । त्यसो त थाहा नगरपालिकाका स्थानीयले पदमार्गमा आउने पर्यटकलाई गर्ने स्वागत सत्कारका कारण पनि पदयात्री थाहानगरका पदमार्गमा पदयात्रा गर्न उत्साहित भएको युवाउद्यमी माधव कार्कीले बताए । पछिल्लो समयमा फोटो पत्रकार बिष्ट लगायत युवाले परिकल्पना गरेको 'टिष्टुङ-पालुङ' पदमार्गमा काठमाडौ ह्याप्पी हाइकरका ३२ जना र स्थानीय ८ जना समेत ४० जना पदयात्रीको टोलीले पदयात्रा गरेका छन् ।

करिव १७ किलोमिटर लामो पदयात्रामा पदयात्रीहरु प्राकृतिक मनोरमताको साथै गाउँले जीवनशैली बुझ्दै, रमाउँदै, गाउँ, जंगल, पाखा, सिम, चौर छिचोल्दै अग्ला डाँडा उक्लदै, ओर्लदैं यात्रा गर्नु यो पदयात्रा रुटको प्रमुख विशेषता हो । पदयात्राको क्रममा भेटिने खुकुरी पार्क, खेलमैदान, मुस्कान झरना, नर्बेढुङ्गा, चिया बगान, दमार, कुईभिर, नाँगेचुली असाध्यै रमाइलो र अदभूत रमणीय क्षेत्रहरु हुन् । टिष्टुङबाट पालुङ निस्कने यो पदमार्गको ठाउँठाउँमा भेटिने डाँडाकाँडाले प्रकृतिक भ्यूटावरको अनुभुति दिन्छ ।

यो रुटमा तामाङ जातिको बाहुल्यता रहेको छ । टिष्टुङको नर्बेचोकबाट सुरु हुने यात्रा भाङखोरियामा पुगेर पालुङसँग भेट हुन्छ । सोल्टु हुँदै फाँटबजारको होमस्टे पुगेर स्थानीयपनको आभास पदयात्रीले गर्न पाउँछन् । होमस्टेमा पुग्दा 'टिष्टुङ-पालुङ'को पदयात्रा त सकिन्छ तर, 'पालुङ-आग्रा' पदमार्गको अर्को ढोका खुल्छ । फाँटबजारको यो होमस्टे क्षेत्र 'पालुङ-आग्रा' पदयात्राको बेसक्याम्प पनि हो । होमस्टेमा बास बसेर विहान पालुङ्गढी, गोरखनाथ, पाण्डुकेश्वर, शंखमुल त्रिवेणीधामलगायत क्षेत्रको भ्रमण गर्न पनि सकिन्छ ।

पदयात्रामा अत्यन्तै रुची भएका ह्याप्पी हाइकरका टिम लिडर राजाराम फुयाँलले थाहानगरका पदमार्गमध्ये 'टिष्टुङ-पालुङ' पदमार्ग उत्कृष्ट भएको र पर्यटन प्रवर्द्धका लागि यो रुटले भविष्य बोक्केको बताए । गाउँले परिवेशमा मौसम अनुसारको फलफूल र कन्दमुल खाँदै यात्रा गर्दा आनन्दित तुल्याएको फुयाँलको प्रतिक्रिया छ । थाहानगरका युवा फोटो पत्रकार बिष्टले परिकल्पना गरेका पदमार्गमा बिभिन्न क्षेत्रबाट दुईहजार बढी पर्यटकले यात्रा गरि सकेका छन् ।

संघीय राजधानी काठमाडौंको भिडभाड र कोलाहलमुक्त भई थकान मेट्न र प्रदेश राजधानी हेटौंडालगायत तराई क्षेत्रका अत्याधिक गर्मीबाट शितलताको महशुस गर्नको लागि पनि थाहानगरका पदमार्ग उपयुक्त गन्तब्य भएको पदयात्रीले बताएका छन् । यस्ता पदमार्ग, पर्यटकीय क्षेत्रको विकासका लागि स्थानीय सरकारले बिशेष योजना सहित व्यवस्थित र प्रवर्द्धन गर्नुपर्ने फोटो पत्रकार विष्टको सुझाव छ ।

# उत्पादनको बजारीकरणमा काम गर्नुपर्छः उद्योगमन्त्री श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेशका उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठले उत्पादित वस्तुहरुको निर्यात तथा बजार व्यवस्थापन गर्न नसक्दा उद्योग क्षेत्रले समस्या भोग्नु परेको बताएका छन् ।

उनले आयात प्रतिस्थापन सहित नेपाली उद्योगको उत्पादनको बजारीकरणमा काम गर्नुपर्ने बताएका हुन् । हेटौंडामा मंगलबार आयोजित सकारात्मक श्रम सम्बन्ध विकास सम्बन्धी अन्तरक्रियालाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले अधिकार क्षेत्र अनुसार उद्योग तथा व्यवसायको काम गर्नुपर्ने भएकाले लक्ष्यअनुरुप उपलब्धि प्राप्त गर्न कठिन भइरहेको बताए । संघीय सरकारसँगको समन्वयमा उद्योग तथा व्यवसाय र श्रमिकको विकास तथा प्रवर्द्धनमा काम गर्ने प्रदेश सरकारको तयारी रहेको उनको भनाई छ ।

'संवैधानिक व्यवस्था अनुसार उद्योग तथा वाणिज्य क्षेत्र संघीय सरकार मातहत रहेको छ । प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रमा रहेर काम गर्नुपर्ने बाध्यता छ । जसले गर्दा समस्या पहिल्याए पनि काम गर्ने अनुकूल वातावरण बन्न सकेको छैन । लक्ष्य लिएअनुसार उपलब्धि हात पार्न कठिन भइरहेको छ ।' उनले भने, 'प्रदेश सरकारले संविधानले निर्धारण गरेको साझा अधिकार सूचिका व्यवस्थालाई संघीय सरकारसँग समन्वय गरेर उद्योग व्यवसायीको समस्या र श्रमिकका अधिकारलाई नीतिगतरुपमा सम्बोधनको तयारी गरेको छ ।'

श्रेष्ठका अनुसार रोजगारदाता र श्रमिकबीचको बढ्दो दुरी घटाउन सरकारले गम्भीरताका साथ काम गरिरहेको छ । ठोस कार्यक्रम र योजनाका साथ लगानीकर्ताको अप्ठेरा तथा श्रमिकका अधिकारका विषयमा सरकारले काम गर्ने तयारी गरेको उनले बताए । उद्योगभित्र रहेको त्रिपक्षीय खाडल पुर्न प्रदेश सरकारले ट्रेड युनियनले उठान गरेका श्रमिकका मुद्दा र उद्योगीका जिम्मेवारीका विषयमा सकारात्मकरुपमा नीति संवाद गर्ने सरकारको योजना रहेको मन्त्री श्रेष्ठले बताए । उद्योग व्यवसायीको प्रवर्द्धनमा सरकारले नयाँ ढंगको कार्यक्रम ल्याउने गरी बजेट केन्द्रित गरेको उनको भनाई छ ।

कार्यक्रममा उद्योग व्यवसायी प्रतिनिधिले सरकारको नीति र कार्यक्रम उद्योगमैत्री नभएको र त्यसमा सुधार गरेर उत्पादनमा केन्द्रित हुने कार्यक्रम ल्याउन माग गरेका छन् । उनीहरुले आर्थिक संकट तथा विभिन्न महामारीबाट प्रभावित भएका बखत राज्यले उद्योग तथा व्यवसायीलाई सहुलियत प्रदान गर्नुपर्ने बताए ।

श्रमिकले जिम्मेवारीपूर्वक काम नगर्दा विभिन्न समस्या हुने भएकाले राज्यका संयन्त्रले अनुसन्धान तथा छानबीन गरी निर्णय लिनुपर्ने उनीहरुको भनाई छ । ट्रेड युनियनका कारण उद्योग क्षेत्र धराशायी बन्दै गइरहेको पछिल्लो परिवेशलाई मध्येनजर गर्दै उचित समाधानको बाटो सरकारको तवरबाट गर्नुपर्ने उनीहरुले बताए । स्थानीय तहले क्षेत्राधिकार मिचेर उद्योग व्यवसायमा गर्ने हस्तक्षेप बढ्दै गएकाले त्यसको उचित समाधान खोजिनु पर्ने उनीहरुको भनाई छ ।

कार्यक्रममा ट्रेड युनियनका प्रतिनिधिले राज्यले तोके अनुसारको पारिश्रमिक र र सुविधा उपलब्ध गराउन उद्योगले आनाकानी गरिरहेको बताए । उनीहरुले उद्योग तथा व्यवसायमा श्रमशोषणको अवस्था कायमै रहेको र त्यसको निराकरणका लागि सम्बन्धित निकायले काम गर्न नसकेको बताए । राज्यले तोकेको श्रमको मूल्य, सामाजिक सुरक्षाको सुविधा थुप्रै उद्योग तथा व्यवसायमा लागु नभएको भन्दै सो विषयमा सरकारी संयन्त्रले चनाखो भई अनुगमन तथा नियमन गर्नुपर्ने उनीहरुले माग गरेका छन् ।

# बजारका दुई सडकलाई स्तरोन्नति गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ हेटौंडा उपमहानरको बजारक्षेत्रभित्र पर्ने दुई सडकलाई सहरी सडक स्तरोन्नति गरिने भएको छ । सहरी विकास मन्त्रालय अन्तरगत रहेको सघन सहरी तथा भवन निर्माण आयोजना चितवनले हेटौंडामा दुई सडकलाई फराकिलो बनाई नमूना सडकको रुपमा स्तरोन्नति गर्न लागेको हो ।

मंगलबार हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको नेतृत्वमा वडा नम्बर ४ का वडाअध्यक्ष नवीन सिग्देल, आयोजना प्रमुख झप्पडबहादुर थापा, निर्माण कम्पनी एक्सीस एसियन कन्ट्रक्सन कम्पनी प्रालिका प्रमुख सन्दीप महतो लगायत प्राविधिक टोलीले प्रारम्भिक अनुगमन गरी तत्काल काम सुरु गर्ने भएका छन् ।

हेटौंडा-४ मा रहेको र जतजयन्ती मार्ग अन्तरगत करिब एक किलोमिटर सडक तथा हेटौंडा-७ र ८ जोड्ने कर्णावति मार्गलाई स्मार्ट लाइट, फुटपाथ, नाला सहित नमूना सडकको रुपमा निर्माण गरिने नगरप्रमुख लामाले बताइन् । रजतजयन्ती मार्गलाई दाँयाबायाँ १० मिटर फराकिलो सहित स्तरोन्नीत गरिने योजना छ भने कर्णावति मार्गको डेढ किलोमिटर सडकलाई दाँयाबायाँ साढे ७ मिटर चौडा गरी बनाइने प्रमुख लामाले बताइन् ।

नमूना सडक निर्माणले हेटौंडाको पहिचान बढाउन मद्दत पुग्नुका साथै पर्यटन पर्यावरणमा सहयोग पुग्ने उपप्रमुख राजेश बानियाँले बताए । यी दुई सडक स्तरोन्नति हुँदा जनताले अपेक्षा गरेको विकासका काम प्रत्यक्षरुपमा देखिने हुँदा आगामी दिनमा नगर क्षेत्रका अन्य सडकलाई पनि स्मार्ट बनाउने योजनामा आफूहरु लागि परेको बानियाँले बताए । हामीहरु प्रमुख उपप्रमुख भईरहँदा जनतासमक्ष बाचा गरेर विकासको नमूना उपमहानगर बनाउँछौ भनेर आएका थियौं सोही अनुसार काम भइरहेको बानियाँले बताए ।

संघीय सरकारको विनियोजित रकमबाट यी दुई सडक निर्माण सहित हेटौंडा-६ को वडा कार्यालय भवन समेत निर्माण गरिनुपर्ने आयोजना प्रमुख थापाले बताए । तीनवटै योजना नौ करोड ६५ लाख रुपैयाँमा निर्माण गर्नका लागि १८ महिनामा सक्नेगरी निर्माण कम्पनी एक्सीस एसियन कन्ट्रक्सन कम्पनी प्रालिसँग सम्झौता भएको प्रमुख थापाले बताए ।

वंशगोपाल मन्दिर पछाडि निर्माणाधीन वडा कार्यालय भवन ५ वटा कोठा सहित एकतले निर्माण गरिनेछ भने साढे तीन तलाको डिपीआर रहेको आयोजना प्रमुख थापाले बताए । अनुगमनको क्रममा निर्माण कम्पनीले स्तरीय काममा प्रतिवद्धता रहेको बताउँदै समयमै काम सम्पन्न गर्ने जनाएका छन् ।

# चौघडाको दालमोठ र आलु चिप्सलाई खाद्यको अनुज्ञापत्र

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ हेटौंडा-६ का महिला समूहले दालमोठ र आलु चिप्स उत्पादन गर्ने उद्योग सञ्चालनमा ल्याएका छन् । १५ जना गृहिणी महिला मिलेर खाद्यउद्योगको अनुज्ञापत्र प्राप्त गरी सक्रिय महिला उद्योग सञ्चालनमा ल्याएका हुन् ।

हेटौंडा उपमहानगरबाट आलु चिप्स र दालमोठ बनाउने सात दिने तालिम प्राप्त गरेपछि महिलाले उद्योगको रुपमा लैजान आवश्यक प्रक्रिया अघि बढाएको सक्रिय महिला उद्योगका अध्यक्ष अनुराधा उप्रेतीले बताइन् । तालिम लिइयो अब उद्योग सञ्चालन गर्नुपर्छ भन्ने सोचले उद्योग स्थापना गरिएको उनले बताइन् ।

सूचना श्रेष्ठले सात दिने आलु चिप्स र दालमोठ बनाउने तालिम दिएकी थिइन् । स्वारोजगार बनाउने उद्देश्यले उपमहानगरले एक लाख बजेट विनियोजन गरी तालिम प्रदान गरेको थियो । सक्रिय महिला समूह थियो, यसै नामलाई उद्योगमा परिणत गर्यौ, अध्यक्ष उप्रेतीले भनिन् । उनले स्थानीय कच्चापदार्थ प्रयोग गर्दै दैनिक १५ देखि २० किलोसम्म दालमोठ उत्पादन गर्ने गरेको बताइन् ।

खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौंडाबाट उद्योग सञ्चालनको अनुज्ञापत्र प्राप्त गरी मंगलबार पत्रकार सम्मेलन गर्दै उद्योग र उत्पादित वस्तुबारे जानकारी दिइएको थियो । हेटौंडा-६ का अध्यक्ष विष्णबहादुर दाहालले अनुज्ञापत्र उद्योगका अध्यक्ष उप्रेतीलाई हस्तान्तरण गरे । अध्यक्ष दाहालले उद्योगलाई आवश्यक पर्ने मेशिनरी वस्तुका साथै बजारीकरणमा पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । उपमहानगरका सहकारी तथा उद्योग शाखाप्रमुख हिमप्रसाद पौडेलले उत्पादनमा आधारित उद्योगलाई आगामी वर्षमा पनि सहयोग गर्ने बताए । हाते मेशिनबाट उत्पादित वस्तु अब आगामी दिनमा मेशिनबाट वस्तु उत्पादन गर्न सहयोग गर्ने बताए ।



उद्योग अहिले हेटौंडा-६ रामनगरमा कोठा भाडामा लिएर संचालन गरिएको छ । उद्योगबाट बनाइएको आलु चिप्स १०० ग्रामको सय रुपैयाँ र दालमोठ प्रतिकिलो पाँच सय रुपैयाँ मूल्य निर्धारण गरिएको छ । अध्यक्ष उप्रेतीको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, वडासदस्य विजय पौडेल, लेखराज ढकाल तालिमका प्रशिक्षक सूचना श्रेष्ठ, शोभा श्रेष्ठ, महिलाउद्यमी गीता मैनाली, हेटौंडा उपमहानगरका कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

# खानेपानी बागमती सरकारको मुख्य प्राथमिकता: मुख्यमन्त्री जम्कट्टेल

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले प्रदेश सरकारको मुख्य प्राथमिकता भनेको खानेपानी रहेको बताएका छन् ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको आयोजना तथा खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय र खानेपानी तथा सरसफाइ डिभिजन नम्बर-१ हेटौंडाको सहकार्यमा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको बागमती प्रदेशस्तरीय क्षमता अभिबृद्धि गोष्ठीको हेटौंडामा उद्‍घाटन गर्दै उनले यस्तो कुरा बताए । खानेपानीमा अन्तको बजेट काटेर भएपनि काम गर्नुपर्ने उनले बताए ।

खानेपानीका वहुवर्षीय योजनामा बजेट सुनिश्चित गरिएको उनले बताए । बजेट बनाउँदा पनि खानेपानीमा प्राथमिकता दिइएको उनले बताए । कार्यक्रममा बागमती प्रदेशका खानेपानी, उर्जा, तथा सिंचाइ मन्त्री एकालाल श्रेष्ठले खानेपानीको समस्या हल गर्नका लागि सबै एक हुने बेला आएको बताए । संघीय सरकारले खानेपानीका योजनामा एक लाख रुपैयाँ समेत बजेट हालेको उनले बताए । खानेपानीका योजनामा बजेटले प्राथमिकता दिइएको उनले बताए ।

कार्यक्रममा खानेपानी उपभोक्ता महासंघका राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा उद्योग, वाणिज्य तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, मन्त्रालयका सचिव इन्द्रदेव भट्ट, खानेपानी तथा सरसफाइ डिभिजन नम्बर-१ हेटौंडाका प्रमुख हरिराम पौडेललगायतको आतिथ्यता रहेको थियो ।

# प्रदेशसभा बैठकमा मन्त्रीको अनिवार्य उपस्थिति खोज्दै प्रतिपक्षी दल

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेशसभा बैठकमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले मन्त्री खोज्दै नियमापत्ति गरेको छ । बैठकमा बजेटमाथिको छलफलका क्रममा मन्त्रीको अनिवार्य उपस्थिति हुनुपर्ने माग कांग्रेसको थियो ।



प्रदेशसभा बैठकमा श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल र संस्कृति पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्य बैठकमा अनुपस्थित रहेका थिए । प्रदेशसभा बैठकमा स्वास्थ्य मन्त्रालय, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको बजेट माथिको छलफल भइहरेको छ ।

मन्त्रीहरु अनुपस्थित रहेको भन्दै कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले नियमापत्ति गरेका हुन् । उनले प्रदेशसभा नियमावलीको परिच्छेद ३ अनुसार बजेटमाथिको छलफलका क्रममा सम्बन्धित मन्त्री अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था रहेकाले यो विषयमा नियमापत्ति गरेका थिए । उनले मन्त्रीको अनुपस्थितिमा बजेटमाथिको छलफल अघि बढ्न नसक्ने भन्दै बजेट रोक्न माग गरेका थिए ।

सभामुख भुवनकुमार पाठकले मन्त्रीको अनिवार्य उपस्थितिका लागि सरकारको ध्यानाकर्षण गराउँदै रुलिङ गरे । उनको रुलिङपछि प्रदेशसभा सदस्य मायादेवी शर्मालाई बजेटमाथिको छलफलका लागि बोल्न समय दिएका थिए । तर, उपनेता चित्रकारले मन्त्रीको अनुपस्थितिमा बजेट माथिको छलफल हुन नसक्ने नियम स्पष्ट नियमावलीमा उल्लेख भएकाले बैठक स्थगित गर्न वा २ मन्त्रालयको बजेट माथिको छलफल कार्यसूचीबाट हटाउन माग गरेका थिए ।

लगत्तै सभामुख पाठकले आर्थिक मामिलामन्त्रीलाई अधिकार प्रत्यायोजन गरेको र सो मन्त्रालय माथिको प्रश्न रिपोर्ट गर्ने व्यवस्था रहकाले छलफल अघि बढाउन रुलिङ गरे । तर, कांग्रेस उपनेता चित्रकारले नियममा स्पष्ट व्यवस्था भएकाले छलफल अघि बढ्न नसक्ने भन्दै पुन: आफ्नो माग दोहोऱ्याए । सभामुख पाठकले श्रम रोजगार तथा यातायात मन्त्रालय र संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको बजेटमाथिको छलफल संसदको कार्यसूचीबाट हटाइएको जानकारी दिए ।

## कर्मचारी आवश्यकता

| | | |
|---|---|---|
| तह | : | ५ (पाँचौं) |
| पद | : | बरिष्ठ सहायक |
| शैक्षिक योग्यता | : | न्यूनतम स्नातक व्यवस्थापन संकाय (कमर्स) |
| उमेर | : | १० वर्ष पूरा भई ३५ ननाघेको (यही संस्थामा कार्यरतको हकमा उमेर हद नलाग्ने) |
| आधारभूत तलब | : | रु. २३,५७५।०० |
| भत्ता | : | रु. १०००।००+रु.५००।०० एक हजार शुरुबाट नै पाउने बाँकी परीक्षणकाल पछि । |
| अन्य सुविधा | : | एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशै र नाफाको आधारमा बोनस सुविधा (परीक्षण काल पछि) |
| परीक्षण काल | : | १ वर्ष |
| विशेष क्षमता | : | कम्प्युटरमा Diploma हुनु पर्ने, Word, Excel तथा Power point मा राम्रो क्षमता भएको । |
| पेश गर्नुपर्ने कागजात | : | शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाणपत्र, नागरिकता र तालिम प्रमाण पत्र, हस्तलिखित निवेदन । |
| परीक्षा किसिम | : | लिखित, मौखिक तथा प्रयोगात्मक |
| दरखास्त खुल्ला मिति | : | २०८१।०३।१० |
| दरखास्त अन्तिम मिति | : | २०८१।०३।२८ (कार्यालय समय भित्र) |
| लिखित परीक्षा | : | २०८१।०३।३० |
| मौखिक तथा प्रयोगात्मक | : | २०८१।०३।३१ |
| नतिजा प्रकाशन | : | २०८१।०४।०२ |
| परीक्षा दस्तुर | : | रु.१०००।०० |

राजकुमार तिमल्सिना
सचिव, पद पूर्ति उप-समिति
**साईराम बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, संगमचोक
फोन : ०५७-५२१२९६, ९८४५२८८३२४
इमेल- *sairam.coopratíve2014@yahoo.com*

## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौ,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुन: जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना